का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २३३
❒ २१ असोज २०७८, बिहीबार
❒ 7 October 2021, Thursday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

# महाधिवेशन सार्ने सहमति

सत्तारुढ दल नेपाली काँग्रेसको १४औं महाधिवेशन फेरि सर्ने भएको छ । ९-१३ मंसिरमा तोकिएको महाधिवेशन मंसिर अन्तिम साता वा पुस पहिलो साता सार्ने शीर्ष नेताहरुबीच सहमति जुटेको छ ।



**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २० असोज ।

संवैधानिक सीमाभित्र हुन नसकेको सत्तारुढ दल नेपाली काँग्रेसको महाधिवेशन फेरि पनि सर्ने भएको छ । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको शीर्ष नेताहरुको बैठकले महाधिवेशन सार्ने निर्णय गरेको हो । गएको २३ भदौभित्रै सक्नुपर्ने महाधिवेशन काँग्रेसले ९-१४ मंसिरमा गर्ने निर्णय गरेको थियो ।

तर क्रियाशील सदस्यता विवाद टुंग्याउन नसक्दा वडा अधिवेशन नै नसकिएकाले मंसिरमा तोकिएको महाधिवेशन सार्ने निर्णय गरेको सहमहामन्त्री प्रकाशशरण महतले बताए । उनका अनुसार, महाधिवेशन सार्ने शीर्ष नेताहरुबीच सहमति जुटेको छ । तर नयाँ मिति भने तोकिएको छैन । "मंसिर अन्तिम साता वा पुस पहिलो साता महाधिवेशन हुनसक्छ । तर मिति तोकिएको छैन", महतले भने ।

काँग्रेसको आठ जिल्लामा अझै वडा अधिवेशन नै सकिएको छैन । तर एघार जिल्लामा जिल्ला अधिवेशन समेत सकिएको छ । ९-१४ मंसिरमा महाधिवेशन गर्न १० कात्तिकभित्र प्रदेश अधिवेशन समेत सकिनुपर्ने थियो । जबकी वडा अधिवेशन समेत नसकिएकाले १० कात्तिकभित्र प्रदेश अधिवेशन सकिने संभावना छैन । अझ असोज अन्तिम साता दशैं भएकाले अधिवेशन प्रभावित हुनेछ । यसपछि लगत्तै तिहार र छठ लगायत ठूलो पर्वका कारण पनि काँग्रेस महाधिवेशन सार्नुपर्ने निष्कर्षमा पुगेका नेता महतले बताए । महाधिवेशन सार्ने निष्कर्षमा पुगेको बैठकमा प्रधानमन्त्री एवम् सभापति शेरबहादुर देउवा, बरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला लगायत सहभागी थिए ।

काँग्रेसको महाधिवेशन यसअघि पटकपटक सर्दै आएको छ । प्रत्येक चार वर्षमा महाधिवेशन गर्नुपर्ने पार्टी विधान अनुसार २०७७ फागुनमै १४औं महाधिवेशन हुनुपर्ने थियो । तर नेतृत्व हत्याउने नेताहरुको स्वार्थका कारण महाधिवेशन हुन सकेन । देउवा फेरि नेतृत्वमा दोहोरिन बाँकी पृष्ठ २ मा

## बडादशैं शुरु



काठमाडौं/मस-असत्यमाथि सत्यको र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतिकको रुपमा मनाइने नेपालीको महान पर्व दशैं आजदेखि शुरु भएको छ । बडा दशैंको पहिलो दिन आज घर घरमा वैदिक विधिपूर्वक दियो, कलश र गणेश स्थापना गरी घटस्थापना गरिंदैछ ।

घटस्थापना गर्ने शुभसाइत बिहान ११ बजेर ४६ मा परेको छ । आजै काठमाडौंको हनुमानढोका दरबारमा रहेको दशैं घरमा वैदिक विधिअनुसार जमरा राखी दुर्गा देवीको पूजा आराधना शुरु गरिन्छ । आजैदेखि दशैं घरमा शक्तिकी देवी नवदुर्गाको पूजा आरम्भ हुन्छ । नवरात्रको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैठौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गरिन्छ ।

उपत्यकाका नक्साल भगवती, शोभा भगवती, नाला भगवती, पलाञ्चोक भगवतीलगायत देशभरका शक्तिपीठहरुमा नित्य पूजा गर्नेको भिड लागेको छ ।

## एसएलएफमा नयाँ रेकर्ड

**विभा शर्मा/मध्यान्ह**
काठमाडौं, २० असोज ।

वैंकहरुले उपयोग गर्न पाउने स्थायी तरलता सुविधा (एसएलएफ)मा बुधबार नयाँ रेकर्ड कायम भएको छ । दशैं मुखमा चरमरुपमा तरलता अभाव भोगिरहेका बैंकहरुले बुधबार नेपाल राष्ट्र बैंकबाट एसएलएफको रकम एकै दिन ४७ अर्ब ८५ करोड रुपैयाँ उठाएका हुन् । नेपालको वित्तीय इतिहासमा एकै दिन यति ठूलो परिमाणमा एसएलएफ उठाइएको यो पहिलो घटना हो ।

राजनीतिक विवादका कारण संसदबाट बजेट पास हुन ढिलाई भएपछि सरकारी खर्च प्रणाली अवरुद्ध भएकोले साउनदेखि नै वैंकहरुले तरलता अभावको समस्या झेल्दै आएका छन् । त्यसैले उनीहरुले एसएलएफबाट रकम लिंदै तरलता व्यवस्थापन गर्ने गरेका छन् । बुधबारसमेत गरि चालु आर्थिक बर्षमा २० पटक एसएसलएफबाट रकम निकालिएको छ । त्यसरी निकालेको रकम ६ खर्ब ७५ अर्ब २४ करोड रुपैयाँ पुगेको छ । त्यसमध्ये वैंकहरुले ५ खर्ब ७८ अर्व ५७ करोड रुपैंया भुक्तानी गरिसकेका छन् भने अझै ९६ अर्ब ६७ करोड रुपैयाँ तिर्न बांकी छ । अहिले वैंकिङ प्रणालीमा करिब ८० अर्वको तरलता अभाव रहेको अनुमान गरिएको छ । यदि वैंकहरुले जसोतसो एसएलएफको रकम तिरे भने वैंकका कर्मचारीहरुलाई तलव दिनसमेत रकम बचत नहुने वैंकरहरु बताउंछन् । एसएलएफको उपयोग गरेवापत वैंकहरुले राष्ट्र वैंकलाई ५ प्रतिशत ब्याज तिर्नु पर्छ ।

तरलता अभावमा परेका बाँकी पृष्ठ २ मा

# मन्त्री छान्दै दलहरू

प्रधानमन्त्री शेरबहादुर देउवाले आज मन्त्रिपरिषद् बिस्तार गर्ने तयारी गरेका छन् । झण्डै तीन महिनापछि हुन लागेको मन्त्रिपरिषद् बिस्तारको तयारीसँगै दलहरु मन्त्री छान्न बुधबार दिनभर व्यस्त रहे ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० असोज ।

प्रधानमन्त्री शेरबहादुर देउवाले आज मन्त्रिपरिषद् बिस्तार गर्ने तयारी गरेका छन् । मंगलबार सत्ता साझेदार दलहरुको बैठकमा प्रधानमन्त्री देउवाले आज मन्त्रिपरिषद् बिस्तार गर्ने जानकारी दिएका थिए । मंगलबार नै दलहरुबीच मन्त्रालय संख्या भागबण्डामा सहमति जुटिसकेको छ । त्यसैअनुसार, नेकपा (माओवादी केन्द्र) ले मन्त्री बन्ने नामावलीसमेत टुंग्याएको छ ।

माओवादी केन्द्रले पाँच मन्त्रालय र एक राज्य मन्त्री पाउँदैछन् । अर्थमन्त्री जनार्दन शर्मा र उर्जा मन्त्री पम्फा भुसालले प्रधानमन्त्री देउवासँगै गएको २९ असारमा शपथ लिएका थिए । बाँकी मन्त्रीलाई आज शपथ गराउने तयारी भएको छ । बुधबार बसेको स्थायी कमिटी बैठकले तीन मन्त्री र एक राज्यमन्त्री टुंग्याएको हो ।

माओवादी केन्द्रले शशी श्रेष्ठ, देवेन्द्र पौडेल र महेश्वरजंग महतराजलाई मन्त्री बनाउने भएको छ । बोधमाया यादवलाई राज्यमन्त्री बनाउने भएको छ । यो सहित माओवादी केन्द्रले दुई जना महिला मन्त्री र एक महिलालाई राज्यमन्त्री बनाउने भएको छ । मन्त्रालय भने टुंग्याइएको छैन ।

प्रधानमन्त्री देउवाले काँग्रेसबाट तीन मन्त्री र एक राज्यमन्त्री चयन नियुक्त गरिसकेका छन् । प्रधानमन्त्री देउवाले बालकृष्ण खाँणलाई गृह, ज्ञानेन्द्रबहादुर कार्कीलाई कानून र डा.नारायण खड्कालाई परराष्ट्रमन्त्री नियुक्त गरिसकेका छन् । १० साउनमा प्रधानमन्त्री देउवाले उमेश श्रेष्ठलाई स्वास्थ्य राज्यमन्त्री नियुक्त गरेका छन् । स्रोतका अनुसार, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलालाई एक मन्त्री सभापति देउवाले छुट्याएका छन् । जसअनुसार, उमाकान्त चौधरीलाई मन्त्री पठाउने निर्णय भएको छ । बरिष्ठ नेता रामचन्द्र पौडेललाई दुई मन्त्रीको नाम देउवाले मागेका छन् । तर पौडेलले भने तीन मन्त्री मागेका छन् । दुई मन्त्री मात्रै पौडेलले पाएमा पुष्पा बाँकी पृष्ठ २ मा

## मलेसियाका नेपालीको समस्याबारे प्रधानमन्त्री र परराष्ट्रमन्त्रीको ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असोज

गैर आवासीय नेपाली संघ (एनआरएनए) मलेसियाले मलेसियामा कार्यरत नेपाली कामदारको समस्या समाधानका लागि प्रधानमन्त्री शेरबहादुर देउवा र परराष्ट्रमन्त्री डा.नारायण खड्काको ध्यानाकर्षण गराएको छ ।

एनआरएनए मलेसियाका अध्यक्ष विनोद थापाले बुधबार प्रधानमन्त्री देउवा र परराष्ट्रमन्त्री खड्कालाई भेट गरी मलेसियामा कार्यरत नेपाली कामदार अलपत्र परी घर फर्किने क्रममा सेल्टर हाउस नहुँदा समस्या रहेको भन्दै सरकार र एनआरएनए मलेसियाको समन्वयमा क्वालालम्पुरमा सेल्टर हाउस स्थापना गर्न ध्यानाकर्षण गराएको बताए ।

अध्यक्ष थापाले तत्काललाई सेल्टर हाउसको स्थापना सरकार र कुटनैतिक निकायको सहकार्यमा एनआरएनए मलेसियाले नै गर्ने तर भविष्यमा एनआरएनएले सञ्चालन गर्न नसकेको खण्डमा नेपाल सरकारले स्वामित्वमा लिएर संचालन गर्नुपर्ने विषयमा छलफल भएको बताए ।



त्यसैगरी अध्यक्ष थापाले अनलाइनबाट पुनः श्रम स्विकृति लिने प्रक्रियालाई सहज बनाउन परराष्ट्रमन्त्री डा. खड्काको ध्यानाकर्षण गराइएको बताए । जवाफमा प्रधानमन्त्री देउवा र परराष्ट्रमन्त्री डा. खड्काले मलेसियामा समस्यामा पर्ने नेपाली कामदारको निम्ति सेल्टर हाउस स्थापना गर्न नेपाल सरकारले सहयोग गर्ने आश्वासन दिएका छन् ।

### वैदेशिक रोजगार विशेष

## खाडी छाडेर बारीमा रमाउँदै

**बागलुङ/रासस–** 'सोचेजस्तो हुन्न जीवन, खोजेजस्तो हुन्न जीवन' भन्ने गीतका शब्द र भाव धेरैको जिन्दगीसँग मेल खान्छन् । गायिका अरुणा लामाको स्वरमा रहेको सो गीत घर परिवार, समाज र आफ्नै देश छोडेर पैसा कमाउने र सुखी जिन्दगी विताउने लालसामा वैदेशिक रोजगारीका लागि विदेश गएर सयौं हण्डर खाएका युवाको जिन्दगी सोचेजस्तो हुने कुरै भएन । अरबका खाडीमा खाइनखाइ पसिना बगाएर दशनङ्गा खियाउँदा पनि राम्रो कमाइ गर्न नसकेपछि गाउँमा फर्किएर तरकारी र फलफूलखेती गरेका म्याग्दीका केही युवाले खाडीमा भन्दा तीन गुणाबढी आम्दानी गरेर मनमा सन्तोष र मुहारमा खुसी फर्काउन सफल भएका छन् ।

त्यस्ता धेरै युवामध्येका तीनजना प्रतिनिधि पात्र हुन् म्याग्दीको मङ्गला गाउँपालिकाका जीवन पौडेल, बाँकी पृष्ठ २ मा

## अष्ट्रेलिया पठाउने नाममा ठगी गर्ने निरौला पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा अष्ट्रेलिया पठाइदिन्छु भनी १२ लाख ठगी गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । महानगरीय अपराध महाशाखाको टोलीले पुतलीसडकमा रहेको क्विन्सल्याण्ड एजुकेशन फाउण्डेशन प्रालिका सञ्चालक रहेका बाँकी पृष्ठ २ मा

# खेर गयो २८ करोडको मल

**राजेश केसी/मध्यान्ह**
काठमाण्डौ, २० असोज ।

समयमा मल पाउन नसकेर किसान छटपटाइरहेको बेला कृषि मन्त्रालय अन्तरगतका दुईवटा सरकारी कम्पनीहरुले आयात गरेको हजारौं मेट्रिक टन मल भने भंसार नाकामै बिग्रिएको छ । साल्ट ट्रेडिङ कर्पोरेशन र कृषि सामग्री कम्पनीले आयात गरेको ६ हजार ३ सय मेट्रिक टन (१ लाख २६ हजार बोरा) डीएपी मल बिग्रिएर फाल्नु पर्ने भएको छ ।

कुहिएको मध्ये ५ हजार मेट्रिक टन साल्ट ट्रेडिङको र १ हजार ३ सय मेट्रिक टन मल कृषि सामग्री कम्पनीको भएको बताइएको छ । उनीहरुले मल खरीद गर्न ती दुई कम्पनीले नेपाल राष्ट्र बैंकमा २८ करोड रुपैंया बराबरको एलसी खोलेको बताइएको छ । नेपाल सरकारको प्रतिबोरा १३२ रुपैया २० पैसा अनुदान रकममा आयात भई नेपाल भित्रिएको सो मल भिजेर डल्ला परेकाले किसानलाई वितरण गर्ने तर्फ चासो नदिइएको बताइएको छ ।



गत वर्ष भदौ ६ गते ओमानबाट आयात गरिएको उक्त मल अहिले वीरगञ्ज स्थित सुख्खा बन्दरगाह संगैको रेलवे ट्र्याकको खाली जमीनमा त्यत्तिकै राखिएको छ । पानीले भिजेर बिग्रिएको मल कुहिएर गनाउन थालेको सुख्खा वन्दरगाहका अधिकारीहरुले जानकारी दिएका बाँकी पृष्ठ २ मा

# 'श्रमजीवीहरुको समस्या समाधान नगर्ने सञ्चार गृहमा हड्ताल हुन्छ'




**काठमाडौं/मस–** श्रमजीवी पत्रकार संघले विभिन्न सञ्चार गृहहरुलाई दसैं अगावै पत्रकार, श्रमजीवीहरुलाई उनीहरुको पारिश्रमिक भुक्तानी नगरे दसैं-तिहार लगत्तै उनीहरु विरुद्धआन्दोलन गर्ने चेतावनीसहित बुधबार एक प्रेस विज्ञप्ति जारी गरेको छ। बारम्बारको छलफल, धर्ना लगायतका दबाब मुलक कार्यक्रम गर्दा पनि कतिपय सञ्चार गृहहरुले श्रमजीवीहरुको माग पूरा गर्न अटेर गर्ने गरेको र उनीहरुविरुद्ध अब सहिष्णु नबन्ने अध्यक्ष जन्मदेब जैसी तथा महासचिव धनन्जय बुढाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

बडादशै, तिहार, छठपर्वलगायतका पर्वको सु-अवसरमा शुभकामनासहितको विज्ञप्तिमा सञ्चार गृहका मालिक तथा सञ्चालकहरुको लागि मात्रै चाडपर्व नभई उत्पादनको मुख्य साधन श्रमजीवीले पनि खुसी साथ मनाउन सक्ने वातावरणका निम्ति पनि उनीहरुको पारिश्रमिक भुक्तान गर्न पनि आग्रह गरिएको छ।

कोरोनाको जरजर समयमा जागिरबाट हात धुन बाध्य उनीहरुले महिनौंसम्म पनि तलब नपाउनु दुःखद् भएको उल्लेख गर्दै कतिपय मिडिया मालिकहरुले नियोजित रुपमै नियम-कानून विपरित नियुक्तिपत्र नदिने,अनुचित सरुवा गर्ने, मनपरि तरिकाले निष्काशन गर्ने, तलब भत्ता कटौती गर्ने लगायतका अमानविय कार्य गर्दै आएको र उक्त समस्या समाधान गर्न आफूहरुले कुनै कसर बाँकी नराखेको पनि उल्लेख गरिएको छ।

पीडित श्रमजीवीहरुका गुनासाहरु आए लगतै आफूहरुले विभिन्न सञ्चार गृहहरुमा छलफल, धर्नालगायतका दबाब मूलक कार्यक्रम सञ्चालन निरन्तर गर्दै आएको र सो बीच कतिपयले तत्कालिन समस्याको पूरै, कतिपयले आशिंक तथा कतिपयले अझैं अटेर गर्दै समाधान गर्नुको सट्टा समस्यालाई झन् बल्झाउने दुष्प्रयास गरिरहेको विषयले आफू र श्रमजीवीहरुलाई आक्रोषित समेत बनाएको उल्लेख छ।

अब पनि सञ्चार गृहरुले पीडितहरुको आवाजन सुने कठोर बन्ने बताइएको छ। विज्ञप्तिमा भनिएको छ, 'बारम्बारको ध्यानाकर्षणतथा अनुरोधलाई वेवास्ता र अटेर गरेमा हाम्रो संगठनको नेतृत्वमा चरणबद्ध संघर्षका कार्यक्रमहरु घोषणा गर्न बाध्य हुनेछौं। संघर्षबाट सिर्जना हुने परिणामको स्वयं सञ्चार गृह भागिदार हुनु पर्ने र श्रमजीवीलाई अवमुल्ययन गर्ने, श्रम शोषणगर्ने पक्ष चैनसँग बस्न नपाउने चेतावनी दिन्छौं।'

# रामतुलसी माविमा स्वागत तथा शुभकामना कार्यक्रम सम्पन्न




सुशीला रेग्मी/मध्यान्ह
पाल्पा, २० असोज

रामतुलसी मावि रामपुर पाल्पामा नयाँ विद्यार्थीलाई स्वागत तथा विजयादशमी एवम् शुभ दिपावली पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम भएको छ। कक्षा १२ मा अध्ययनरत विद्यार्थीको आयोजनामा ११ कक्षामा भर्ना भएका नयाँ विद्यार्थीलाई खादा ओढाएर स्वागत गरिएको छ। शिक्षाशास्त्र, विज्ञान र व्यवस्थापन संकायमा भर्ना भएका २४४ जना विद्यार्थीलाई उज्ज्वल भविष्यको कामनासहित स्वागत गरिएको छ। विद्यार्थी दिपेन्द्र रजालीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद पौडेल रहेका थिए।

प्रमुख अतिथि पौडेलले विद्यार्थी भाइबहिनीले गरेको यस कार्यक्रम अत्यन्तै राम्रो रहेको बताउँदै विद्यालयले समयानुसारको प्राविधिक शिक्षामा जोड दिएकाले यस विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै गइरहेको बताए। प्रधानाध्यापक बालकृष्ण लम्सालले विद्यार्थीले आयोजना गरेका हरेक गतिविधिमा विद्यालयले साथ र सहयोग दिदै आएको बताउनुहुदै अनुशासित र लगनशिल भएर पढ्न आग्रह गरेका छन्। विद्यार्थी रक्षा पंगेनीले यस्ता कार्यक्रमले पढाइमा उत्प्रेरणा मिल्ने बताए।

उर्मिला पुलामीको स्वागतबाट शुरु भएको कार्यक्रमको संचालन सन्दिप बयम्बुले गरेका हुन्।

कार्यक्रमको अवसरमा नजिकिँदै गरेको नेपालीहरुको महान् चाड विजयादशमी तथा शुभ दिपावलीको अवसरमा एक आपसमा शुभकामना आदानप्रदान भएको छ। विद्यार्थीले नाचगान गरेर रमाइलोसँग कार्यक्रम सम्पन्न गरेका छन्।

## बाँके डायरी
पवन जायसवाल/मध्यान्ह

# ५५ वर्षीय लम्सालद्वारा ५८ औं पटक रक्तदान

बर्दिया जिल्लाको ठाकुरबाबा नगरपालिका वडा नं.३ मानपुर निवासी प्रेम प्रसाद लम्सालले मंगलबार ५८ औं पटक उत्साहका साथ रक्तदान गरेका छन्। योसँगै उनी बर्दिया जिल्लाको उत्कृष्ठ रक्तदाता बनेका छन्।




असोज १६ गते शनिबार नेपाल स्वयंसेवी रक्तदाता समाजका केन्द्रीय अध्यक्ष प्रेम सागर कर्माचार्यको प्रमुख आतिथ्यमा गठित नेपाल स्वयंसेवी रक्तदाता समाज जिल्ला शाखा बर्दियाका अध्यक्ष पदमा पनि चयन भएका लम्सालले ५५ वर्षको उमेरमा ५८ औं पटक रक्तदान गरेका हुन्।

उनले नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित प्रादेशिक रक्त सञ्चार सेवा केन्द्र नेपालगन्जमा आएर रक्तदान गरेका छन्। उनी यस अगाडि वि.सं.२०७८ असार २१ गते कोहलपुरको रक्तसञ्चार सेवा केन्द्रमा रक्तदान गरेका थिए।

प्रेम प्रसाद लम्साल बर्दिया जिल्लाको ठाकुबाबा नगरपालिकाको भुरीगाउँमा रहेको विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सत्तचालक समिति सदस्य तथा शिक्षा समितिको संयोजकको पनि जिम्मेवारी सम्हालेका छन्।

यसरी बाँके जिल्लामा छुट्टाछुट्टै आयोजना गरिएको रक्तदान कार्यक्रममा ९३ जनाले रक्तदान गरेका छन्।

नेपालगन्जको बागेश्वरी मन्दिरको प्राङ्गणमा पूर्ण ब्रम्ह कबीर उपासक समाज बाँकेद्वारा आयोजित रक्तदान कार्यक्रममा ५२ जनाले उत्साहजनक रुपमा रक्तदान गरेका छन्। यसैगरी मध्यपश्चिम क्षेत्रीय प्रहरी अस्पताल नेपालगन्जले आयोजना गरेको रक्तदान कार्यक्रममा ४१ जनाले गरेका छन्। प्रादेशिक रक्त सञ्चार सेवा केन्द्र नेपालगन्जका प्रमुख उपेन्द्र रेग्मी, सोम प्रकाश सापकोटा, सुनिल पुलामी थापामगर, सञ्जय बढही, राजेन्द्र महतरा, सन्दिप आचार्य, करन चौधरी लगायतले प्राविधिकमा सहयोग गरेका केन्द्रका प्रमुख उपेन्द्र रेग्मीले जानकारी गराएका थिए।

## महाधिवेशन....

चाहन्थे। त्यसैअनुसार, विभाग गठन देखि नेताहरुलाई जिम्मेवारी दिए। नेतृत्वमा पुग्न चाहने नेताहरुको स्वार्थले पनि काँग्रेसले चार वर्षभित्र महाधिवेशन गर्न सकेन।

२०७७ चैत देखि भने कोरोना महामारीका कारण मुलुक असामान्य परिस्थितिमा प्रताडित बन्यो। लामो समय कोरोना रोकथामका लागि सरकारले देशब्यापी लकडाउन गऱ्यो भने स्थानीय प्रशासनको निषेधाज्ञाका कारण खुला गतिविधि असहज बन्यो। अहिले पनि ठूलो भेला तथा सभा हुन प्रशासनले दिएको छैन। तर काँग्रेसलाई भने महाविधेशन गराउन संवैधानिक बाध्यता हो। संविधानले हरेक पाँच वर्षभित्र महाधिवेशन गर्नुपर्ने उल्लेख गरेको छ।

तर विशेष अवस्था रहेमा थप ६ महिनाको समय पाउने व्यवस्था गरिएको छ। विशेष अवस्थाको सुविधा पनि काँग्रेसको १३औं महाधिवेशनकै निम्ति ६ महिनाको सुविधा थपिएको थियो। तर काँग्रेसले साढे पाँच वर्षभित्र महाधिवेशन गराउन सकेन। १८ भदौमा वडा अधिवेशन शुरु गरेर काँग्रेसले साढे पाँचभित्रै महाविधेशन शुरु भइसकेको पत्र निर्वाचन आयोगलाई बुझाएको छ। फेरि पनि नेतृत्व हत्याउने नेताहरुको प्रयासकै कारण मंसिरमा तोकिएको महाधिवेशनकै मिति सार्ने सहमतिमा नेताहरु पुगेका छन्।

## मन्त्री...

भुसाललाई मन्त्री बनाउने सभापति देउवाको तयारी रहेको पनि स्रोतले जनाएको छ।

चार मन्त्रालय पाएको जनता समाजवादी पार्टी (जसपा) मा पनि बुधबार दिनभर मन्त्री चयनबारे छलफल भयो। अध्यक्ष उपेन्द्र यादवले सरकारमा नजाने बताएपछि कसको नेतृत्वमा सरकारमा पठाउने भन्ने छलफल चलिरहेको नेताहरुले बताएका छन्। नेकपा (एकीकृत समाजवादी) ले भने स्थायी कमिटी बैठकबाट मन्त्री टुंग्याउने तयारी गरेको छ। आज बिहान एघार बजे स्थायी कमिटी बैठक बोलाइएको छ। यही बैठकले मन्त्री चयन गर्ने भएको छ। एकीकृत समाजवादीलाई चार मन्त्री र एक राज्यमन्त्री भागमा परेको छ।

## एसएलएफमा ....

वैंकहरुलाई सहजीकरण गर्न भन्दै बुधबार नै राष्ट्र बैंकले २० अर्बको रिपो पनि जारी गरेको थियो। रिपोको औसत ब्याज ४.९६ प्रतिशत कायम भएको छ। १४ दिनको लागि उपलब्ध गराइने रिपोको पैसाका लागि बैंक तथा वित्तीय संस्थाहरुले प्रतिस्पर्धा गर्नु पर्ने हुन्छ। जसले बढि ब्याज कबुल गर्छ उसले यो पैसा पाउँछ।

स्मरणरहोस असोज ४ गते संसदको दुवै सदनबाट पारित भएर राष्ट्रपतिले प्रमाणिकरण गरेपछि असोज ७ गतेदेखि बजेट खर्च हुन हुन शुरु भएको थियो। त्यसयताको १२ दिनमा सरकारले एक खर्ब ८ अर्ब रुपैयाँ खर्च गरिसकेको छ। तैंपनि तरलता अभाव कम हुन सकेको छैन।

नेपाल राष्ट्र बैंकले कर्जा-पूँजी-निक्षेप अनुपात (सीसीडी रेसियो) खारेज गरेर कर्जा-निक्षेप अनुपात (सीडी रेसियो) लागू गरेपछि तरलता अभाव सुरु भएको थियो। नयाँ व्यवस्था अनुसार निक्षेप संकलन गरेर मात्र ऋण विस्तार गर्न पाइन्छ। यसअघि शेयरधनीको पैसा (पूँजी कोष) बाट पनि ऋण दिन पाइन्थ्यो। यस विषयमा वैंकर्स संघ र नेपाल राष्ट्र बैंकका गभर्नर महा प्रसाद अधिकारीबीच पटक पटक छलफल भए पनि समस्या सहमती हुन सकेको छैन। पछिल्लो केही दिन यता गभर्नर अधिकारी कोरोना संक्रमणको कारण अस्वस्थ भएपछि यो बारेमा छलफल हुन सकेको छैन। निमित्त गभर्नर निलम ढुंगानासंग छलफल गर्न खोज्दा उनले 'यस विषयमा गभर्नर साब आएपछि टुंग्याउंला' भन्दै थप छलफल गर्न नचाहाएको बैंकरहरु बताउंछन्।

दशैंको मुखमा वैंकहरुमा रकम जम्मा गर्ने भन्दा पनि बैंकबाट निकाल्ने र खुद्रारुपमा खर्च गर्ने तर त्यस्तो रकम वैंकिङ प्रणालीमा आइपुग्न झण्डै एक महिना लाग्ने भएकोले तरलता अभाव कात्तिकभरि नै कायम रहने अनुमान वैंकरहरुले गरेका छन्।

'दशैं लगत्तै तिहार र छठ जस्ता अरु ठूला पर्वहरु आउने भएकोले यो अवधिमा वैंकमा पैसा जम्मा गर्ने भन्दा निकाल्नेहरु नै धेरै हुन्छन्। त्यसैले छठ नसकिंदासम्म अहिलेको समस्या समाधान हुने सम्भावना देखिदैंन' एकजना वैंकरले बुधबार मध्यान्हसंग भने।

तरलता अभावको समस्या कम गर्न वैंकहरुले ठूला निक्षेपकर्तालाई आकर्षित गर्न बचत खातामा दिने व्याज निरन्तर बढाइरहेका छन्।

असोजमा बैंकहरुले ब्याज बढाएर १०.०७ प्रतिशतसम्म पुऱ्याएका थिए। अहिलेकै अवस्था रहे कात्तिकमा व्याजदर अझै बढ्न सक्ने अनुमान गरिएको छ।

## २८ करोडको ...

छन्। बन्दरगाह भन्सारका प्रमुख भन्सार अधिकृत लालबहादुर खत्रीका अनुसार बिग्रिएको मल नष्ट गर्ने तयारी गरिएको भए पनि आपूर्तिकर्ता कम्पनीहरु सम्पर्कमा आउनै चाहेका छैनन्। उनीहरु सम्पर्कमा नआएकाले कुन प्रकृया अपनाएर नष्ट गर्ने भन्ने अन्योल रहेकोले अहिलेसम्म त्यत्तिकै छोडिएको हो। अहिले भने मल गनाउन थालेको र बन्दरगाह सञ्चालक प्रिस्टाइन भ्यालीले पनि मल हटाउने प्रकृया शुरु गर्न दवाव दिइरहेकोले बन्दरगाहा भन्सार कार्यालयले उक्त मलको व्यवस्थापन गर्नै पर्ने अवस्था सृजना भएको छ।

खत्रीका अनुसार अझै केही दिन साल्ट ट्रेडिङ र नेशनल ट्रेडिङसंग उनीहरुको नाममा आयात भएको मल उठाएर लैजानको लागि अनुरोध गरिनेछ। त्यति गर्दा पनि उनीहरु सम्पर्कमा नआए कृषि मन्त्रालयसंग समन्वय गरेर आवश्यक निर्णय गरिनेछ।

साल्ट ट्रेडिङ वीरगञ्जका प्रमुख अमोज लामिछाने मल भिजेर भएको क्षति आपूर्तिकर्ताले नै बेहोरेकाले आर्थिक रूपमा कुनै नोक्सानी नभएको दाबी गर्छन्। बिग्रिएको मल नष्ट गर्ने दायित्व पनि आपूर्तिकर्ताकै भएको उनको भनाइ छ। डलरमा प्रतीतपत्र खोलेर तेस्रो मुलुकबाट मल ल्याइएकाले नेपाल राष्ट्र बैंकको नियमानुसार नेपालमा मालसामान आइपुगेको देखाउनुपर्ने कानूनी प्रावधान रहेकाले भिजेको मल भारतको कोलकाता बन्दरगाहबाटै नफर्काइ आयात गरिएको बताइएको छ।

बन्दरगाह सञ्चालक प्रिस्टाइन भ्यालीका कार्यकारी निर्देशक बी मोहनका अनुसार कुहिएको उक्त अलपत्र मलका कारण बन्दरगाहा सञ्चालनमै असहज स्थिति उत्पन्न भएको छ। अर्कोतर्फ मलले अनावश्यक ठाउं ओगटेकोले त्यसले कम्पनीको आम्दानीमा समेत नकारात्मक असर पारेको छ। 'एक वर्षभन्दा धेरै समयदेखि ठाउं होल्ड गरेर राख्दा त्यसको सबैभन्दा ठूलो असर हामीलाई पारेको छ। अहिले त मल पनि कुहिन थाल्यो। त्यसले दुर्गन्ध फैलंदै गएको छ। यस्तो अवस्थामा कहिलेसम्म राखिराख्ने? त्यसैले जसरी पनि त्यो मल हटाउनु पर्छ भनेर भन्सार प्रशासनलाई हामीले भनेका छौं।' उनले भने।

## खाडी...

बेनी नगरपालिका-२ ज्यामरुककोटका हरिलाल घिमिरे र बेनी नगरपालिका-६ अर्थुङ्गेका नरेश जिसी। जीवनको उर्बर समय मुग्लानमा पसिना बगाउँदै बिताएका यी तीनैजना युवाको पहिले र अहिलेको अवस्था करिब करिब मिल्दोजुल्दो छ। साउदी अरब, कतार र युएईमा एक दशक भन्दा बढी परिश्रम गर्दा पनि राम्रो कमाइ गर्न नसकेपछि स्वदेशमा फर्किएर माटोसँग खेल्दै तरकारी खेतीमा लागेका यी तीनजना युवाको जीवनको उत्तरार्द्धमा बल्ल हरियाली छाउन थालेको छ।

मङ्गलाका ४७ वर्षीय पौडेल, ज्यामरुक कोटका ५३ वर्षीय घिमिरे र अर्थुङ्गेका ४८ वर्षीय जिसीले जीवनको युवा अवस्था क्रमशः साउदी अरब, कतार र युएईको चर्को घाममा पसिना बगाउँदैमा बिताए। खाडी मुलुकमा पसिना बगाए पनि खासै राम्रो कमाइ गर्न नसकेपछि घर फर्केर हलो र कोदाली बोकी आफ्नै खेतको माटोमा पसिना बगाउन थालेपछि उनीहरुको जिन्दगीमा खुसी फर्किएको छ।

अर्का किसान घिमिरे पनि तरकारी खेतीबाट सन्तुष्ट छन्। 'विदेशमा कमाइ गर्न नसकेपछि गाउँ फर्केर आएँ, अनि तरकारी खेती शुरु गरें,' उनले भने, 'कतिले मलाई विदेश छोडर बारीको माटोमा पैसा फलाउने रे भनेर गिज्याए। तर, म आफ्नो काममा लागिरहें।' घिमिरेले यही माटोमा पसिना बगाउन थालेपछि मैले बुझे विदेशमा बगाउने पसिना आफ्नै माटोमा बगाउने हो भने पैसा यही फल्दोरहेछ भन्ने थाहा भएको बताए।

त्यसैगरी अर्थुङ्गेका जिसीले पनि विदेशको बसाइँलाई बिट मारेर गाउँमै कृषि कर्ममा रमाउँदै राम्रो कमाइ गरिरहेका छन्। उनको तीन रोपनी बारीभरी लटरम्म तरकारी फलिरहेको छ। बजारमा स्थानीय तरकारीको माग रहेकाले बिक्रीको कुनै समस्या छैन। तरकारी बेचेर मासिक ३० हजारभन्दा बढी आम्दानी हुने गरेको उनले बताए। अहिले रोजगार पाउन नसकेको भन्दै धेरै युवा विदेशिने गरेका छन्। तर, म्याग्दीमा भने विदेशबाट फर्केर आएका युवाले तरकारी, फलफूल खेती र पशुपालन गरेर विदेशको भन्दा बढी कमाइ गरिरहेका छन्।

स्थानीय तह र सम्बन्धित सरकारी निकाय तथा गैरसरकारी सङ्घ संस्थाले पनि व्यावसायिक किसानलाई प्रोत्साहन गर्ने, कृषि औंजारदेखि मल बीउसम्म सहयोग गर्ने र आर्थिक अनुदान समेत उपलब्ध गराउने गरेकाले धेरै युवाको कृषि पेसातर्फ आकर्षण बढ्दै जान थालेको पाइएको छ। युवालाई कृषि पेसातर्फ आकर्षित गर्नका लागि कृषि औजार र मल बीउ खरिदमा अनुदान, सिँचाइको प्रबन्ध, ठूलो क्षेत्रफल र ठूलै समूहमा खेती किसानी गर्न प्रोत्साहन गर्नुपर्ने यस क्षेत्रमा लागेका युवा बताउँछन्।

जिसीले भने, 'हामी पाँच लिटर दूध उत्पादन गरेर बिक्री हुँदैन, के गाईपालन गर्नु भन्छौं। एक डोको सिमी फलाएर बिक्री नै हुँदैन, किन सब्जी खेती गर्नु भनेर क्यारेमबोर्ड खेलेर बस्छौं। त्यसो होइन। हामीले हरेक उत्पादन ठूलो मात्रामा गर्नुपर्छ।' उनका अनुसार कृषिलाई परम्परागत होइन, आधुनिक र प्रविधिकरण गरेर धेरै श्रमबाट धेरै उत्पादन दिन सक्नुपर्छ, जसले गर्दा लागत कम हुन्छ। यसका साथै यसले ग्रामीण र कृषि पर्यटनको सम्भावना पनि उत्तिकै बढाउनेछ। सबै युवा उद्यममा लागेपछि गाउँमा दिगो आर्थिक गतिविधि हुनेछ।

# नम्बर प्लेट नराखी चलाएका २१९ वटा मोटरसाइकल नियन्त्रणमा

**काठमाडौं/मस–**महानगरीय ट्राफिक प्रहरी महाशाखाले नम्बर प्लेट नराखी चलाएका २१९ वटा मोटरसाईकललाई नियन्त्रणमा लिएको छ। महाशाखाले चलाएको नम्बर प्लेट विरुद्धको कारबाही अभियानको क्रममा नम्बर प्लेट नलेखिएका १६५ वटा र अस्पष्ट खुइलिएका नम्बर प्लेट भएका ५४ वटा मोटरसाइकल पक्राउ गरेको हो।



ट्राफिक प्रहरीले ढाँचा अनुसार नम्बर प्लेट नलेखिएका, स्पष्ट नभएका, खुईलिएका, अनटेस्ट वा अस्थाई नम्बर प्लेट भएका, नम्बर प्लेटको टप बङ्ग्याएका वा नम्बर प्लेट ढाकिएका मोटरसाइकलहरु विरुद्ध विशेष चेकजाँच अभियान संचालन गरेको महाशाखाका प्रमुख प्रहरी बरिष्ठ उपरीक्षक जनक भट्टराइले बताए।

विशेषगरी नयाँ अनटेस्ट र स्पष्ट नदेखिने नम्बर प्लेट नलेखिका मोटरसाईकलहरुले दुर्घटना गर्दा गाडी नम्बर टिप्न, प्रहरीलाई खबर गर्न समस्या हुने गरेको छ, त्यस्ता मोटरसाइकल फरार हुँदा पक्राउ गर्न र कारबाहीको दायरामा ल्याउन समेत समस्या हुने गरेको एसएसपी भट्टराईले व्यक्त गरे।

कतिपय त्यस्ता मोटरसाइकलहरु तीब्र गति र लापरवाहीका साथ चलाउने, ट्राफिक नियम उल्लंघन गर्दै हिड्ने गरेको पाईन्छ भने हराउँदा समेत फेला पार्न सकस हुने गरेको महाशाखाले जनाएको छ। सम्पुर्ण सवारी धनीलाई त्यसमा पनि मोटरसाइकल धनीलाई आफ्नो सवारी साधनको नम्बर प्लेट स्पष्ट राख्न र सवारीको अवस्था समेत सहि हालतमा राख्न महाशाखाले अनुरोध गरेको छ।

ट्राफिक नियम उल्लंघन गरि हिँड्ने, दुर्घटना गरि फरार हुने तथा चाडपर्व र भीडभाडको समयमा हुन सक्ने चोरी लुटपाट लगायतका अपराधिक क्रियाकलापलाई रोक्न यस अभियानले महत्वपूर्ण भूमिका निर्वाह गर्ने महाशाखाको बुझाइ छ। त्यस्ता तोकिएको ढाँचा बमोजिम नम्बर प्लेट नराख्ने मोटरसाइकललाई ट्राफिक प्रहरीले पाँचसय देखि पन्ध्रसय रूपैयाँसम्म जरिवाना गर्ने व्यवस्था रहेको महाशाखाले जनाएको छ।

# २ सय महिलालाई किड व्याग

बाँकेको कोहलपुर नगरपालिका अन्तर्गत रहेका गन्दर्भ समुदाय र बैजनाथ गाँउपालिकाका गाइन र बादी समुदायका २ सय जना महिलाहरुलाई फ्रिडम किड व्याग वितरण गरिएको छ।



वास नेपाल नेपालगन्ज र फ्रिडम किड व्यासको संयुक्त आयोजनामा बाँकेको कोहलपुर नगरपालिका वडा नं. ११ स्थित रहेका गर्न्दभ समुदाय र बैजनाथ गाउँपालिका वडा नं.१ र २ मा रहेका गाइन र वादी समुदायका महिलाहरुलाई फ्रिडम किड व्याग वितरण गरिएको छ। अल्पसख्यक तथा लोपोन्मुख उक्त समुदायका महिलाहरुलाई महिनावारी र प्याडको प्रयोगका विषयमा जानकारी गराउने र सामग्री वितरण गर्ने उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रममा महिनावारी र प्याड प्रयोगका विषयमा किड व्यास काठमाडौंकी निर्मला श्रेष्ठले महिलाहरुलाई अभिमुखिकरण दिएकी थिइन्। कोहलपुर नगरपालिका वडा नं. ११ मा भएको कार्यक्रममा गन्दर्भ समुदायका अध्यक्ष सुशील कुमार बैगार, वडा नम्बर ११ का वडाध्यक्ष कर्ण बहादुर थापाले समुदायमा नै आएर प्याड वितरण गरेकोमा आयोजकलाई धन्यवाद दिएका थिए।

यसरी सो कार्यक्रम वासका जनसम्पर्क अधिकृत मुना बिष्टले सञ्चालन गरेकी थिइन् भने फ्रिडम किड व्याग वितरण कार्यक्रममा वासका निर्वतमान अध्यक्ष मन भण्डारी, कार्यवाहक कोषाध्यक्ष दिला शाह, वासकी उमा चौधरी, फ्रिडम किड व्यास काठमाडौंकी निर्मला श्रेष्ठ, सुमी श्रेष्ठ, दिकु तामाङ, सुप्रिन्स कसजु, जुनी परप्रजाको उपस्थिति रहेको थियो। पछाडि पारिएको गन्दर्भ, गाइन र वादी समुदायका महिलाहरुले आफ्नै घरमै फ्रिडम किड व्याग पाएकोमा खुसी व्यक्त गरेका थिए।

## अष्ट्रेलिया....

मोरङ विराटनगरका ४१ वर्षीय मणि निरौलालाई पक्राउ गरेको हो। निरौलाले अष्ट्रेलियामा रोजगारी सहित 'सेटल' गरिदिने भन्दै १२ लाख रूपैयाँ लिएको उजुरीका आधारमा मंगलबार काठमाडौंको नयाँ बानेश्वरबाट उनलाई पक्राउ गरिएको बताएको छ।

निरौलालाई जिल्ला अदालत काठमाडौंबाट थुनामा राखी आवश्यक अनुसन्धान गर्न म्याद थप गरिएको बताइएको छ। निरौलाले सञ्चालन गरेको क्विन्सल्याण्ड एजुकेशन फाउण्डेशन हाल बन्द रहेको प्रहरीले बताएको छ।

# दशैं नजिकिँदै गर्दा समस्यामा आश्रमका वृद्धवृद्धाहरु

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २० असोज

जेष्ठ नागरिकहरु राज्यको मार्गदर्शक हुन् । तर केहि जेष्ठ नागरिकहरु परिवारबाटै अपहेलनामा पर्छन् । तिनीहरुको टेक्ने लौरो भाँचिन्छ अथवा बेसाहारे बन्छन् । यहि नै वास्तविकता भित्र खुसी साटिरहेका वृद्धवृद्धाहरु हुन नेपाल वरिष्ठ नागरिक समाजबाट सञ्चालित पकनाजोलस्थित असहाय जेष्ठ नागरिक आश्रमका वृद्धवृद्धाहरु यस आश्रममा पसिसकेपछि केहिले त घर पनि विर्सन थालिसकेका छन् ।

गुठीसंस्थानको जग्गामा बनेको सो आश्रम भूकम्पपछि संचालनमा आएको हो । पहिला सो संस्थाले निःशुल्क स्वास्थ्य सेवा दिँदै आइरहेकोमा भूकम्प पश्चात आश्रम संचालन गरेको हो ।




कोरोनाको महामारीको समयमा आश्रम संचालनको लागि एकदमै कठिन भएको अध्यक्ष लक्ष्मीरत्न तुलाधर बताउँछन् । त्यस समय भन्दा अहिले अलि सहज भएको र केहि सहयोगी हातहरु आइरहेको उनले बताए । तर दशैं नजिकिँदै गर्दा समस्याहरु धेरै रहेको कारण दशैं मनाउन पनि समस्या भएको बताए । केहि महिना त कर्मचारीलाई पारिश्रमिकै दिन नसकेको उनी सन्दर्भ निकाल्छन् । कोरोनाको महामारीको समयमा १० जना वृद्धवृद्धाहरु थिए । अहिले घटेर आधामा झरेका छन् । कोरोनाकालमा रोग लागेर नभइ काल गतिलेनै ४ जना वृद्धवृद्धाहरु बितेको र एक जना वृद्धको दैनिकी क्रियाकलाप राम्रो नभएकोले (जाँड रक्सी खाएर होहल्ला गर्ने) फिर्ता पठाएको अध्यक्ष तुलाधरले बताए । हाल ५ जना वृद्धवृद्धाहरु छन् ।

दशैं तिहार सकेपछि केहि थप हुने पनि जानकारी गराए । आश्रमका सचिव परशुराम कँडेल भन्छन्, 'प्रायजसो वृद्धवृद्धाहरु घर भएका छोराछोरी भएका नै छन् तर उनीहरु आश्रममा छन् । परिवार सम्बन्धि राज्यको नीति फितलो भएका कारण परिवारबाट अपहेलित हुने क्रम बढ्दो रहेकोले राज्यले यस्ता नीतिहरु परिमार्जित गर्नुपर्ने बताउँछन् ।

## व्यवसायी तमूलाई पत्नी शोक



**काठमाडौं/मस–** वरिष्ठ वैदेशिक रोजगार व्यवसायी, पर्यटन व्यवसायी एवं गुरुङ भाषाको चलचित्र रिंजेनाशाका निर्माता शम्शेर बहादुर तमूलाई पत्नी शोक परेको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी तमू धिंका पूर्व अध्यक्ष एवं सामाखुसीस्थित इमास्को नेपाल प्रा.लि. का संचालक तमूकी धर्मपत्नी श्रीमती हुम कुमारी तमुस्योको कोरोना संक्रमणका कारण काठमाडौं स्थित ह्याम्स अस्पतालको आइसियूमा उपचारको क्रममा गत मंगलबार राति १० बजे निधन भएको हो । स्वर्गीय तमूस्योको बुधबार दिउँसो अन्तिम दाहसंस्कार गरिएको छ ।

## प्राधिकरण पोल भाडा विवाद, केन्द्रमा मिल्यो, सुनसरीमा मिलेन

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २० असोज

नेपाल विद्युत प्राधिकरणले पोल भाडा नतिर्ने इन्टरनेट तथा केवलको तार काट्ने अभियान काठमाडौंमा तत्काल रोकिएपनि सुनसरीमा भने विवाद कायमै रहेको छ । केन्द्रमा जथाभावी तार काट्दा अति आवश्यकिय सेवा बन्द हुनुका साथै उपभोक्ताहरू पनि प्रत्यक्ष मर्कामा परेको गुनासोलाई ध्यानमा राख्दै तार काट्ने निर्णयबाट पछि हटेपनि सुनसरीमा भने विवाद कायमै देखिएको हो ।

नेपाल विद्युत प्राधिकरण वितरण शाखा इटहरीले पोल भाडा नतिरेको भन्दै आसपासका क्षेत्रहरूमा जडान भएका इन्टरनेटको तारहरू काट्ने क्रमलाई जारी राखेपछि विवाद भएको हो । प्राधिकरणले इटहरी लगायत आसपासको क्षेत्रमा आइतबारदेखि अभियाननै चलाएर तार काट्ने क्रमलाई निरन्तरता दिँदै आएको छ ।

प्राधिकरणको शाखा इटहरीले दिएको जानकारी अनुसार हाल सम्म इटहरीको वडा नं १ , २ , ५ , ९ ,१९ , १७ र १० नम्बरमा तार काटिएको जनाएको छ । प्राधिकरणले इटहरीबाट सञ्चालन हुँदै आएका सुबिसु, वल्डलिंक, भायनेट, आइजोन र सुनसरी केवलको लाइन काटेको जनाएको छ । सो क्षेत्रमा जडान भएका इन्टरनेटका तारहरू काटिदिएपछि उपभोक्तासँगै इन्टरनेट सञ्चालकहरू प्राधिकरणविरुद्ध खनिएका छन् । सामाजिक सञ्जालहरूमा प्राधिकरणले नसोधि तार काटेको भन्दै स्थानीय केवल सञ्चालकहरूले आन्दोलन गर्ने चेतावनी समेत दिँदै आएका छन् ।

प्राधिकरणको शाखा इटहरीले भने विगत ३ वर्ष देखि इटहरीबाट सञ्चालन हुदै आएका विभिन्न कम्पनीका इन्टरनेट कम्पनीहरूले पोल प्रयोग सम्झौता बारे नविकरण गर्न नआएको जानकारी दिएको छ । इटहरीमा सञ्चालन भएका अधिकांश इन्टरनेट कम्पनीहरूले प्राधिकरणकै पोलबाट फाइबर र स्वीच बक्स राखेर उपभोक्ताहरूबाट चर्को रकम असुल्दै आएका छन् ।

पटक-पटक पोल प्रयोग गर्न सम्झौता पत्र नविकरणकालागि इन्टरनेट कम्पनीका शाखाहरूलाई पत्रचार गरेपनि उनीहरूले बेवास्था गरेपछि प्राधिकरण एक्सनमा उत्रिएको र तार काट्ने अभियान शुरू गरेको नेपाल विद्युत प्राधिकरण वितरण शाखा इटहरीका प्रमुख सुरेन्द्र साहले बताए । यता प्राधिकरणले बिना जानकारी तार काटेर केवल तथा इन्टरनेट कम्पनीहरूलाई चाडपर्वको मुखमा अन्याय गरेको भन्दै आन्दोलन गर्ने इन्टरनेट तथा केवल सञ्चालकहरूले चेतावनी दिएका छन् । कोरोना कहरका कारण धेरै जसो कार्यालयहरू ठप्प रहेको कारण संक्रमणको जोखिमलाई मध्यनजर गर्दै मिति सार्न अनुरोध गर्दा गर्दै तार काटिएको प्रति गम्भीर ध्यानाकर्षण भएको र माथिल्लो निकायलाई खबर गरिसकेको पशुपति केवलका सञ्चालक मुकुन्द भट्टराइले बताए । उनले वर्षौदेखि नेपाल विद्युत प्राधिकरण र टेलिकमलाई नियमित पोल भाडा तिर्दै आएको पनि जानकारी गराए ।

# 'समानुपातिक समावेशी सिद्धान्तको प्रावधान लागू गर'

**काठमाडौं/मस–** न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल)ले संविधानमा भएको समानुपातिक समावेशी सिद्धान्तको प्रावधानलाई बाध्यात्मक रूपमा व्यवहारमा लागू गर्न राजनीतिक दललाई ध्यानाकर्षण गराएको छ ।





जुरी नेपालले राजनीतिक दलहरुलाई 'राजनीतिमा महिला सहभागिता : चुनौति, समाधान र भावी रणनीति' विषयक कार्यपत्र बुझाउँदै ध्यानाकर्षण गराएको हो । उक्त कार्यपत्र जुरी नेपालका कार्यकारी निर्देशक अधिवक्ता मोहनलाल आचार्यले नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टीलाई मंगलबार हस्तान्तरण गरेका छन् । निर्देशक आचार्यले माओवादी पार्टीका मुख्य सचिव श्रीराम ढकाल र जनता समाजवादी पार्टीका कोषाध्यक्ष विजयकुमार यादबलाई कार्यपत्र हस्तान्तरण गरेका हुन् ।

उक्त कार्यपत्र नेपालका अन्य राजनीतिक दललाई समेत बुझाइने जुरी नेपालका परियोजना व्यवस्थापक अनिता भुजेलले जानकारी दिएकी छन् । कार्यपत्र हस्तान्तरण कार्यक्रममा जुरी नेपालका परियोजना व्यवस्थापक अनिता भुजेल, कानून तथा पैरवी अधिकृत, अधिवक्ता बालमाया विश्वकर्मा, नेपाल राष्ट्रिय दलित समाज कल्याण सघंका अध्यक्ष अधिवक्ता त्रिलोक चन्द विश्वास वि.क, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका कार्यक्रम व्यवस्थापक दुर्जमान तामाङ लगायत उपस्थित थिए ।

जुरी नेपालले बुझाएको कार्यपत्रमा भनिएको छ, 'वर्तमान सन्दर्भमा नेपालको संविधानले सुनिश्चित गरे बमोजिम संघीय संसद र प्रदेश सभामा महिलाको सहभागिता ३३ प्रतिशत र स्थानीय तहमा ४० प्रतिशत प्रतिनिधित्व रहेको छ ।

यति हुँदाहुँदै पनि जातजाती, वर्ग, भूगोल र समूहको दृष्टिकोणबाट हेर्दा यसलाई अझै समावेशी र अर्थपूर्ण सहभागिता सुनिश्चित भएको मान्न सकिँदैन ।

तर पनि यो उत्साहजनक परिणामलाई निरन्तरता दिँदै आगामी निर्वाचनमा मूलधारको राजनीतिमा महिला लगायत लक्षित, सिमान्तकृत समुदायको अर्थपूर्ण समानुपातिक सहभागीता र नेतृत्व सुनिश्चत गर्न राजनैतिक दलहरुको महत्वपूर्ण भूमिका रहने कुरामा दुईमत छैन । जसका लागि पर्टीभित्र तथा बाहिर विभिन्न कार्यक्रमहरु रणनीतिक रुपमा संचालन गर्नुपर्ने देखिन्छ ।'

यस्तै कार्यपत्रमा महिलाहरूको विषयहरूलाई चौतर्फी रूपमा उठाउनको लागि महिलाको राजनीतिमा अत्याधिक सहभागिता हुनु अनिवार्य देखिने उल्लेख छ । 'संविधान देशको मूल कानुन हो र संविधानसँग बाँझिएका कानून लगायतका हरेक काम कारबाही बदर हुने कुरा सर्वमान्य छ ।

तर, हाम्रो देशमा राज्य सञ्चालन गर्ने, नीति निर्माण गर्ने संस्था व्यक्ति कसैलाई पनि संविधानको मौलिक हकमा परेका शब्द र वाक्यहरूले ब्यूझाउन सकेको छैन । हाल पनि महिलाहरूको सहभागिता देखाउने नाममा कतै निर्णायक अधिकार नभएको ठाउँमा भने कतै आफूले भनेको मान्ने आफ्ना महिलाहरूलाई मात्र उपस्थिति देखाउन नियुक्ति दिने गरेको पाइएको छ । फेरि सधैं सबै नियुक्तिहरू पहुँच भएकाहरूको बाँडफाँटमा र सहमतिबाट मात्र हुने गरेको पाइएको छ ।

फलस्वरूप प्रतिस्पर्धाबिना नै आफन्त महिलाहरूलाई पदासीन गराउने परिपाटीले पनि अर्थपूर्ण सहभागिता हुँदैन उनीहरू पदमा त बस्छन् तर काम अर्कैले गरिरहेको हुन्छ । तसर्थ, महिलाहरूको विषयहरूलाई चौतर्फी रूपमा उठाउनको लागि सर्वप्रथम त महिलाको राजनीतिमा अत्याधिक सहभागिता हुनु अनिवार्य देखिन्छ' कार्यपत्रमा भनिएको छ ।

यस्तै कार्यपत्रमा राजनीतिको माध्यमबाट संसद्मा बढी सहभागिता भए नीति निर्माणको सम्पूर्ण क्षेत्रमा महिलाको पहुँच निश्चित हुने उल्लेख गरिएको छ ।

अझै पनि महिलाहरूको राजनीतिमा सहभागिता बढाउन सहभागी भएका महिलाहरूलाई राजनीतिमा टिक्न र अर्थपूर्ण सहभागिता देखाउन चुनौतीहरू टड्कारो रूपमा देखिएको कार्यपत्रमा उल्लेख छ ।

निर्वाचन आयोगले निर्वाचन स्वतन्त्र, निष्पक्ष र लैङ्गिकमैत्री बनाउन नसक्नु, राजनीतिकदलहरू आफैँमा लैङ्गिकमैत्री नहुनु, महिला सशक्तिकरणको लागि कुनै परिणाममुखी पहल गर्न नसक्नु, महिलाहरूलाई नेताको रूपमा स्वीकार गर्न नचाहने प्रवृति रहेको, महिलाको नेतृत्वलाई विश्वास नगर्ने, महिलाले गर्न सक्दैनन् भन्ने प्रवृत्ति हाबी हुनुका साथै सहकर्मीबाट समेत असहयोग गर्ने प्रवृत्ति रहेकोलाई चुनौतीका रुपमा हेरिएको छ ।

विभिन्न दलबाट प्रतिनिधित्व गर्ने महिला नेतृहरूको बीचमा महिलाको हकहितको विषयमा एकबद्ध हुन नसकेको, लामो समयदेखि वञ्चितीकरणमा परेर पछाडि पारिएका समूहलाई मूलधारमा ल्याउने उद्देश्यले आत्मसात गरिएको सकारात्मक विभेदको सिद्धान्त सही रूपमा लागू हुन नसकेको, महिलाविरुद्ध हुने हिंसाको सही सम्बोधन नहुनु र हिंसा सम्बोधन गर्न बनेका विद्यमान कानुनहरू पनि उपयुक्त र व्यावहारिक रूपमा लागू नहुनुले गर्दा अझै पनि महिलाहरूलाई घरबाहिर काम गर्न सुरक्षित महसुस नहुनु चुनौतीका रुपमा कार्यपत्रमा उल्लेख छ ।

यस्तै जुरी नेपालले कार्यपत्रमा यस विषयलाई प्रभावकारी सम्बोधनको लागि बृहत् शोधकार्य आवश्यक रहेको उल्लेख गरेको छ ।

महिला हकहित चासोका विषयमा नीति निर्माणको योजना तर्जुमा गर्दा महिलावादी विधिशास्त्रीय अवधारणाबाट व्यापक शोधकार्य गरेर नीति, योजना, ऐन, कानुन तर्जुमा गरेमा मात्र महिलाहरूको लागि व्यावहारिक र उपलब्धिमूलक हुने उल्लेख गरेको छ । संविधान, ऐन, कानुनको समीक्षा गरी सम्पूर्णरूपमा विभेदको अन्त्य र भएका कानुनहरूको प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको हाम्रो संवैधानिक र कानूनी व्यवस्थाहरूको छिद्रहरू केलाउँदै प्रभावकारी कार्यान्वयनको खाका तयार पार्ने, छरिएर रहेका महिला सम्बन्धित कानुनहरू अध्ययन गरी, एकीकृत कानुन, महिला विधयक निर्माण गर्ने, र विभेदपूर्ण कानुनलाई संशोधनका लागि पहल गर्ने, समाजका आधारभूत संगठनहरू (राजनीतिक, आर्थिक, धार्मिक, सामाजिक र सांस्कृतिक) मा संरचनागत रूपमा विद्यमान विभेदहरू केलाउनुपर्ने, वैज्ञानिक प्रविधिमा महिलाहरूको प्राकृतिक र सामाजिक भूमिका सहज बनाउने आविष्कार प्रविधि नारीवाद र महिला र प्रकृतिमाथिको पितृसत्तात्मक सोचाइ पारिस्थिक नारीवादको बारेमा शोध अनुसन्धान गरी उपयुक्त नीति नियम बनाउन समेत सुझाव दिएको छ ।

समानुपातिक प्रतिनिधित्व महिलाहरूको आदर्श र लक्ष्य हो भने ३३ प्रतिशत आरक्षण हो भन्ने कुरालाई मनन गर्ने हो भने, कम्तीमा ५० प्रतिशत महिला उम्मेदवारहरू राजनीतिक दलले प्रत्यक्ष निर्वाचन प्रणालीमा उठाउने अनिवार्य व्यवस्था हुनुपर्ने, जसअन्तर्गत कम्तीमा ३५-४० प्रतिशत जित्ने सम्भावना हुन्छ । जसले क्षमताको पनि विकास गर्दछ भने महिलाहरू कोटा प्रणालीमा मात्र जान चाहन्छन् भन्ने आरोपलाई पनि अन्त्य गर्ने समेत जुरीले सुझाव दिएको छ ।

यस्तै राजनीतिक दलभित्रै समावेशी चरित्र सुनिश्चित गर्ने, अन्तरदल तथा आन्तरिक रूपमा छलफल तथा विभिन्न कार्यक्रमहरू जस्तैः राजनीतिक प्रशिक्षण, कानुनी प्रशिक्षण र जागरणमार्फत दक्षताको विकास गर्दै दक्ष प्रतिनिधित्वको सुनिश्चितता गर्ने, वडा अध्यक्षदेखि प्रमुख उपप्रमुख तथा अध्यक्ष उपाध्यक्षसहित प्रदेशसभाका सदस्य तथा संघीय सांसदको निर्वाचनमा दलले उम्मेदवार चयन गर्दा नै ५० प्रतिशत महिलालाई उम्मेदवार बनाउनुपर्ने र प्रतिबद्धताअनुरूप दलहरूको आन्तरिक र भ्रातृ संगठनहरूको विभिन्न संरचनाभित्र पनि निर्णायक तहमा महिलाहरूलगायत दलित, अपाङ्ग, जनजाति, अन्य लैङ्गिक पहिचान भएका समूहहरूको समानुपातिक सहभागिता सुनिश्चित हुनुपर्ने जुरी नेपालले कार्यपत्रमार्फत सुझाव दिएको छ ।


## कतारमा रोजगारको अवसर | कम्पनी : FALI ADIYAT TRAD CONT. शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०६/१९ चलानी नं.: ६०१६४८९० L.T.No.: 247376

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 6 | 2 | स. काममा दक्ष | 1000 | ३२,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज २८ र २९ गते (14 &15 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Master Job Pvt. Ltd. श्रम ईजाजत नं.: ८२७/०६६/०६७
**मास्टर जब प्रा. लि.**
तिलगंगा, एयरपोर्ट, काठमाडौं, नेपाल, फोन: ४११२५९२
Mob.: 9801622563, 9804695947, 9841701031, 9801099339

## QATAR मा रोजगारको अवसर | कम्पनी: CARMEL GROUP W.L.L. शहर: DOHA

पूर्व स्वीकृत मिति:२०७८/०६/१२ चलानी नं.:६०१६४१०६ LT. No.: 246216 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 20 | 0 | स. काममा दक्ष | 1900 | ६१,९९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २८ गते (14 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

NOTE:-Trailer heavy Qatar Licence driver only
Need documents: educational certificates, driving license, passport copy, cv & any experience certificate.

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Prayas Re-Employment Consultant (Pvt.) Ltd.**
श्रम इजाजत नं. ७६३/०६५/०७६
Way to Gopi Krishna Hall, Opposite to Siddhartha Bank, Chabahill, Saraswati Nagar, Kathmandu
Tel.: 0-4820095, 4820074 | Mob: 9851067213, 9823841132
Email: rson2006@gmail.com | web.:www.prayasre.com

## ब्यूटिशियनको लागि ओमानमा रोजगारको अवसर

कम्पनी: ROSELSA TRADING ESTABLISHMENT शहर: OMAN
पूर्व स्वीकृत मिति: २०७८/०२/२० चलानी नं.: ६०१५८६०५ LT. No.: 240578 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairstylist | 0 | 1 | सम्बन्धित काममा दक्ष | 170 | ५२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | beautician General | 0 | 1 | | 170 | ५२,६५० | | | | | | | |

नोट: काम नजानेकोलाई तालिमको व्यवस्था छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २८ गते (14 October 2021) मा हुनेछ ।


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


**Sky Of The World Manpower Pvt. Ltd.**
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu
Mob.: 9860049528, 9808840910, 9860924657, Tel.: 4488231
E-mail : devudahal@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com

## कतारमा रोजगार | कम्पनी: DIGITAL HIGH VOLTAGE ENGINEERING SERVICES WLL शहर: Qatar

पूर्व स्वीकृत मिति: २०७८/04/05 चलानी नं.: ६०१६०३९३ L.T. No.: 242928 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६१,९९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Instal Electrician | 30 | 0 | | 1500 | ४८,९४५ | | | | | | | |
| 3. | Labourer | 3 | 0 | | 1000 | ३२,६३० | | | | | | | |
| 4. | Welder | 27 | 0 | | 1200 | ३९,१५६ | | | | | | | |
| 5. | Marble Technician | 4 | 0 | | 1200 | ३९,१५६ | | | | | | | |
| 6. | Pipe Fitter | 13 | 0 | | 1200 | ३९,१५६ | | | | | | | |
| 7. | Gen Clean Worker | 15 | 0 | | 1000 | ३२,६३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज २८ गते (14 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १034/0७२/0७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512, Email: info.royal1034@Gmail.com

## साउदीमा रोजगार | कम्पनी : EAMAR ALAWASAM BLOCK AND READY- MIX Co. शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७६/०९/२५ चलानी नं.: ६०१४९८९१ LT. No.: 230293 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 9 | 0 | स. काममा दक्ष | 1800 | ५७,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज २८ गते (14 Ocotber 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


इजाजत नं. ९२७/०६७/०६८
**सक्षम ह्युमन रिसोर्सेज प्रा.लि.**
३०५/२५ एशोर्य मार्ग, कोटेश्वर-३५, काठमाडौं ,नेपाल, फोन: 01 5100754
Email: excelnp1@gmail.com, sakshamhr@gmail.com/ Website: www.shrnepal.com

## सम्पादकीय

# इच्छाराज प्रकरणका सन्देश

सिभिल सहकारीका संस्थापक अध्यक्ष इच्छाराज तामाङ सहितका पदाधिकारी ठगीको आरोपमा पक्राउ परेपछि वित्तीय क्षेत्र तरंगित बनेको छ । किनकी नेपालमा सहकारीले सर्वसाधारण ठगी गर्नुलाई चोरी, लुटपाटका जस्तै घटनाको रूपमा लिइन्छ । त्यसैले हरेक दिन जसो नै सहकारीका ठगी सम्बन्धी घटनाहरू सार्वजनिक हुने गरेपनि त्यसलाई सार्वजनिक रूपमा खासै ठूलो महत्व दिइदैन ।

तर, इच्छाराज केवल सहकारीका संचालक मात्रै थिएनन् । इन्जिनियरिङ क्याम्पस पुल्चोकका पूर्वप्रध्यापक र संविधानसभा सदस्य समेत हुन् । उनको आफ्नो पार्टी एमालेका नेताहरूसँग मात्र होइन, नेपाली कांग्रेस, माओवादीलगायत पार्टीका नेताहरू र राष्ट्र बैंकका उच्च अधिकारीहरूसँग पनि राम्रो उठबस थियो । त्यहीकारण उनीविरूद्ध वर्षौ अगाडि परेका उजुरीहरूलाई समेत प्रहरी प्रशासनले त्यत्तिकै थन्काएको थियो । अहिले संयोग भनौं वा इच्छाराजको दुर्भाग्य, एमाले सरकारबाट बाहिरिएको केही समयमै उनी पक्राउ परेका छन् । र, उनलाई कसैले पनि जोगाउन सक्ने अवस्था छैन ।

सिभिल सहकारीको ठगी प्रकरणमा इच्छाराजको नेतृत्व देखिए पनि वास्तवमा त्यसको पछाडिका दोषी नेपाल राष्ट्र बैंक र सहकारी विभाग पनि हुन् । किनकी केन्द्रिय बैंकको हैसियतमा राष्ट्र वैंकले हिसाबले घ वर्गका वित्तीय संस्थाको रूपमा रहेका सहकारीहरूको अनुगमन, निरीक्षण काम गर्दै आएको छ । जनशक्ति अभावमा सबै सहकारीहरूको अनुगमन गर्न नसके पनि राष्ट्र बैंकले अर्वभन्दा माथिको निक्षेप संकलन गरेका ठूला सहकारीहरूको अनुगमन र निरिक्षण र नियन्त्रणलाई प्रभावकारी बनाइएको दावी गर्दै आएको छ । सहकारी विभागले पनि त्यस्तै दावी गर्ने गरेको छ ।

यदि त्यस्तो थियो भने सिभिल सहकारीमा वर्षौंदेखि शृंखलावद्ध रूपमा भैरहेका आर्थिक अनियमितताहरू, अपचलन रोक्न राष्ट्र बैंक र सहकारी विभागले के कदम चाले ? समस्या देखिने वित्तिकै ती निकायहरूले खबरदारी गरेको भए यति ठूलो संख्यामा सर्वसाधारण ठगिनु पर्दथ्यो ? अथवा राष्ट्र वैंक र सहकारी विभागकै उच्च अधिकारीहरूको संरक्षणमै पो यो सबै भइरहेको थियो कि ? अबको छानबिन यसतर्फ पनि केन्द्रित गरिनु पर्छ । किनकी, नेपालको कुनै पनि क्षेत्रमा हुने गरेका बदमासीहरूमा संरक्षकत्व प्रदान गर्ने नियामक निकायका पदाधिकारी दोषी ठहर्‍याउने प्रचलन नै देखिएको छैन । अहिले भरखरै एउटा कम्पनीको शेयरमा चलखेल गरेको अभियोगमा धितो पत्र बोर्डका अध्यक्ष भीष्मराज ढुंगाना बर्खास्त भएको घटनाले नियामक निकायका अधिकारीहरू पनि कारबाहीमा पर्छन् भन्ने सकारात्मक सन्देश प्रवाहित भैरहेको छ । यस्तो अवस्थामा इच्छाराज प्रकरणका दोषीलाई संरक्षण गर्दै अहिलेसम्म कारवाही हुनबाट बचाउंदै आएका नेपाल राष्ट्र वैंक र सहकारी विभागका उच्च अधिकारीहरूलाई समेत कारवाहीको दायरामा ल्याउन सक्नुपर्छ । अनि बल्ल सहकारीमा हुने गरेका ठगी नियन्त्रणमा एउटा प्रभावकारी फड्को हुनेछ । देशभरिका सहकारीहरूको अनुगमन, निरीक्षणको काम प्रभावकारी हुनेछ । अन्यथा पोल खुलिहाले सहकारीका सञ्चालक समातिने र पोल नखुलेसम्म सबै मिलेर मस्ती गर्ने प्रवृत्तिको अन्त्य हुनेछैन ।

## सामाजिक सञ्जाल



राजनीति क्षणिक लाभ हानीमा चल्दै आएको छ । हार होस् या जित राज्यको स्थायित्वलाई प्रधान ठान्नु पर्छ । ताक परे तिवारी नत्र गोतामे; सबैभन्दा नकाम पक्ष द्वैध चरित्रले राज्य बिलखवन्दमा छ । हिजो ओलीले पनि जबरालाई बिलो बाँड्नु गलत हो । देउवाले पनि बाँडे होलान् यसमा एमालेले पाखुरा सुर्केको सुहाएन ।

**- गोविन्दकुमार थापा**



'नाकाबन्दी हो' भन्न नसक्ने देउवा प्रम रहेकै बखत आइजिपी नियुक्तिमा रञ्जित रेको आदेश मान्ने निधि गृहमन्त्री, हप्तामा तीन पटक दिल्ली उड्ने महत परराष्ट्र मन्त्री र नाकाबन्दीमा भारतीय राजदूतसँग गाउँ देहात डुल्ने दीप उपाध्यायलाई राजदूत बनाएर 'चाण्डाल चौकडी'को संयोग देशमा फेरि जुटाउन मिल्दैन ?

**- बाबुलाल भण्डारी**



हिसाब–किताब हुनैपर्ने विषय – रञ्जित रेले आफ्नो पुस्तकमा नेपाल र नेपालीमाथि अपमान गरेका हुन् ? वा नेपाल प्रहरीका चार अधिकारीले दूतावासमा धाएर राष्ट्रको स्वाभिमानमा घात गरेका हुन् ? भनिन्छ– हिसाब, पिसाब र निसाफ धेरै बेर रोकेर राख्नुहुँदैन ।

**- अरूण बराल**



म जन्मसिद्ध हिन्दु हुँ । सबै धर्म र संस्कृतिको बरावर इज्जत/सम्मान गर्छु । तर, कुनै धर्म विशेषले अर्को धर्म विशेषमाथि गरेको विभेद र अन्यायको खुलेर विरोध गर्छु । सबैलाई आ–आफ्नो धर्म, संस्कृति प्यारो लाग्छ । त्यसैले, एकले अर्कोलाई होच्याउने, गलत प्रचार गर्ने काम नगर्नुहुन अनुरोध गर्दछु ।

**- प्रेम मगर**



दलित आयोग, महिला आयोगको काम बारे लेख्यौ ? त्यहाँ मुलुकका समस्या समाधान गर्न सक्ने नीतिहरूको अनुसन्धान र अध्ययन हुनुपर्छ लेख्यौ ? ती नीतिहरू स्थानियदेखि केन्द्र सम्मले कार्यान्वयनमा ल्याउनु पर्छ, लेख्यौ ? लेख्दैनौं किनकि , अन्तराष्ट्रिय बिचौलियाको भरिया हौ ।

**- विनोद न्यौपाने**

# दशैं हिंसारहित बनोस्

आर्ष संहिताले वेद मन्त्रको शुद्धताले सिद्धि प्राप्त हुने कुरामा जोड दिएको छ भने आचार्य संहिताले विभिन्न मानव संस्कारका वारे वर्णन गरेको छ । त्यस्तै विधि प्रयोग संहिताले कुनै कार्य, जप, पाठ, पूजा गर्दा संकल्प गरेर गरे मात्र सिद्धि फल प्राप्ति हुने कुरामा जोड दिएको छ । अथर्ववेदले वित्तीय व्यवस्था, कृषि, उद्योग तथा गोधन, पशुधन, सम्पूर्ण आर्थिक समृद्धिको पूर्वाधार तयार गर्नुपर्ने बारे चासो दिएको छ । वेदले देवीको वन्दना गरेको छ, उनै देवीको हामी उपासना गर्दैछौं, अस्तू परिपूर्णम् ।



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

हरेक वर्ष दसैं आउँछ र जान्छ पनि । हरेक दिन हामीमा अहिंसा र शान्ति रहनुपर्छ । त्यसो त हरेक वर्ष सेप्टेम्बर २१ अर्थात् असौज ५ गतेलाई हामी शान्ति दिवसका रुपमा पनि मनाउने गर्दछौं । देवीको विशेष प्रार्थना गर्ने पावन दिन महादसैँमा मात्र होइन । हाम्रो तन, मन, धन सबै पवित्र हुनु जरुरी छ । देवी दयाकी खानी, शान्तिकी प्रतिक, शक्तिदाता र महमाया हुन् । नेपालीहरुका घर-घरमा आएको वर्षकै ठूलो चाड विजयादशमीले सबैको मनमा शान्ति रहोस् भन्ने आशयले यो आलेख तयार गरिएको छ । सबैमा हार्दिक र मंगलमय शुभकामना पनि छ ।

संसारले कहाली लाग्दो प्रथम र दोस्रो विश्व युद्धलाई बिर्सेको छैन । दोस्रो विश्वयुद्धपछि स्थापना भएको संयुक्त राष्ट्र संघ पछि पनि अशान्तिका काला बादलहरु फाटफूट देखिएकै हुन् । हिरोसिमा र नागासाकीको कहालीलाग्दो अवस्था, सेप्टेम्बर ११ को अमेरिकी ट्वीन टावरको आक्रमण, हाम्रै देशको पनि १० वर्षे जनयुद्ध, हालैको तुइनको महाकाली र अलिअघिको निर्मलाहरु, रुकुमको नरसंहार, संखुवसभाको सामूहिक हत्याले हामीलाई गिज्याइरहेको अवस्था छ । प्राकृतिक भनौं दैवी प्रकोपको अवस्था, महामारी, अनेकानेक दूर्घटना र दैनिक २० जनाको हिसाबमा आत्महत्या नचाहेर पनि हामीले हेरी बस्नु परेको छ । मूलतः तनमा कान्ति र मनमा शान्ति सबै युगको अपरिहार्यता हो भने संसारले चाहेको द्रुत विकासको पहिलो आवश्यकता अहिंसा र शान्ति नै हो । क्रान्तिले युग परिवर्तन खोज्नु सबैका लागि भूल हुनेछ र त हाम्रा वैदिक ऋषि महर्षिहरुले अनेकानेक खोज र अनुसन्धान गरेर विश्व शान्तिको पहल गरे । पूर्वी संस्कारमै हुर्केका बुद्ध यहीं अवतरित भए । धर्मको स्थापनाका

> मूलतः तनमा कान्ति र मनमा शान्ति सबै युगको अपरिहार्यता हो भने संसारले चाहेको द्रुत विकासको पहिलो आवश्यकता अहिंसा र शान्ति नै हो । क्रान्तिले युग परिवर्तन खोज्नु सबैका लागि भूल हुनेछ र त हाम्रा वैदिक ऋषि महर्षिहरुले अनेकानेक खोज र अनुसन्धान गरेर विश्व शान्तिको पहल गरे ।



लागि युग युगमा म पृथ्वीमा अवतरित हुनेछु भनी स्वयं ईश्वरले गीतामा भन्नुभएको छ । सबैप्रति ईश्वरीय भाव जागेर एकले अर्कोलाई सम्मान, इज्जत देओस् र सबै प्राणीले सजिलै बाँच्न पाऊन् भनेर ईश्वरले 'अहँ सर्वेषु भूतेषु' भन्नुभएको छ भागवतमा । यसको सिधा अर्थ हुन्छ म सबै प्राणीमा अदृश्य रुपमा रहेको छु । पूर्वीय यो मूल्य र मान्यता आज संसारले खोजेको छ र त जर्मनीलगायत विकसित देशहरुले पूर्वीधर्म, संस्कृतिको धरोहर वेद र यसको स्रोत खोज्दैछ । विद्धान् म्याक्स मूलरले पूर्वीय दर्शनलाई विज्ञान भनेका छन् ।

विद्धान् विल्सनले भनेका छन् प्रजातन्त्रका लागि पनि यो संसारलाई सुरक्षित राख्नुपर्छ । विद्धान् रस्किनले भने-कुनै व्यक्तिको प्रथम परीक्षा भनेको उसको नम्रता नै हो । महात्मा गान्धी शान्तिका पुजारी हुन्, अहिंसा आन्दोलनबाटै भारत स्वतन्त्र भयो । गान्धीले भनेका थिए खराब मान्छेलाई सुधार्ने मुख्य औषधि भनेको प्रेम र स्नेह नै हो । अल्बर्ट आइन्टाइनले भनेका थिए - ईश्वर भ्रष्ट हुन सक्लान् तर, ईर्ष्यालु कहिल्यै हुन्न । विद्धान् वाइरनको भनाइ छ - जसले आफ्नो देशलाई माया गर्न सक्दैन उसले कसैलाई पनि माया गर्दैन । प्रसिद्ध विद्धान् गेटेको भनाइ छ - राजा या रँक होस् जसले घरमा शान्ति पाउँछ उही सुखी हो । बाइबलको पनि भनाइ छ - तिम्रो शरिर नै पवित्र आत्माको मन्दिर हो, तर हितोपदेशका कुरा हिजोआजका मानिसलाई सुन्ने फुर्सद छैन । हाम्रा ऋषि महर्षिहरुले द्यौः शान्ति :, पृथ्वी शान्ति :,आपः शान्ति :, अन्तरिक्षः शान्ति :,औषधयः शान्ति : अर्थात् भूमि, पानी, माटो, अन्तरिक्ष, आकाश, खगोल, भूगोल, वायुमण्डल, बनस्पति सम्पूर्ण चराचर जगत् नै शान्तिको प्रार्थना गरे । बसुधैव कुटुम्बकम् अर्थात् सम्पूर्ण बसुधा भनौं पृथ्वी नै कुटुम्ब हो भने, त्यति मात्रै नभएर ब्रह्माण्डैव कुटुम्बकम् भने आज त्यसैलाई गलोबल भिलेज् भन्छौं हामी अर्थात् विश्व एक गाउँ । ब्रह्माण्डभित्र समस्त शान्ति नभई यो सन्देशको सम्भावना छैन । हिंसाले हिंसा नै जन्माउने हो र अहिंसाले अहिंसा नै । एउटा नीति छ जो संग जे छ अरुलाई उसले दिने पनि त्यही नै हो । अहिंसाको मार्गले नै संसार जित्न सकिन्छ र समृद्धि धेरै टाढा

> पूर्वी संस्कारमै हुर्केका बुद्ध यहीं अवतरित भए । धर्मको स्थापनाका लागि युग युगमा म पृथ्वीमा अवतरित हुनेछु भनी स्वयं ईश्वरले गीतामा भन्नुभएको छ । सबैप्रति ईश्वरीय भाव जागेर एकले अर्कोलाई सम्मान, इज्जत देओस् र सबै प्राणीले सजिलै बाँच्न पाऊन् भनेर ईश्वरले 'अहँ सर्वेषु भूतेषु' भन्नुभएको छ भागवतमा । यसको सिधा अर्थ हुन्छ म सबै प्राणीमा अदृश्य रुपमा रहेको छु ।

हुन्न । अरुलाई दिनुको नाम नै दे उता अर्थात् देवता हो, आफैँ लुटी खानेलाई दानव भनिन्छ । क्रोध गर्दा मानिसको आठ प्रतिशत ऊर्जा शक्ति नष्ट हुन्छ, क्रोध पछि आउने आवेगबाट शरिरको १६ प्रतिशत शक्ति नष्ट हुन्छ भने त्यसैबाट जन्मने तनावका कारण मानिसको ३२ प्रतिशत शक्ति नष्ट हुन्छ, यस अर्थमा जोड्दा ५६ प्रतिशत अर्थात् हामीसंग भएको शत प्रतिशत शक्तिमध्ये आधाभन्दा बढी शक्ति बिना कारण आफैँ नष्ट गराइरहेका हुन्छौँ, अनि बाँकी शक्तिले हाम्रो न्यूनतम आबश्यकता नै पूरा हुन्न, ठूलो समृद्धि त परको विषय हुने नै भयो । हामीले समृद्धिको चाहना गरेको ७ दशक भयो तर त्यसको औपचारिक प्रगति आर्थिक वृद्धिलाई वार्षिक औसत २ प्रतिशत नघाउन सकेनौँ । भन्छौँ सांढे आठ प्रतिशतको वृद्धि तर हातमा आउँछ कहिले माइनस कहिले हल्का फुल्का मात्र । ७० वर्षमा अशान्तिका काला बादलहरु कति मडारिए, कति धन जनको क्षति भयो खोज्ने फुर्सद छैन हामीलाई ।

संसारको ४ दिशा मध्ये पश्चिममा ऋग्वेद, यजुर्वेदको खोजी जर्मन, अमेरिकामा हुँदैछ । पूर्वमा जापान, सिंगापुरमा यी मंत्रहरु बिहानै घन्कन थालेका छन् । पूर्वीय सभ्यताको खोजी गरेर पश्चिमाहरु विज्ञानको चुलीसम्म पुगे । इन्धन र यन्त्र विना नै पूर्वीय चिन्तनको पुष्पक विमान आफैं उदाहरण छ । वेदको रोचक पक्ष वास्तुकलाको परिचय नेपालका अरनिकोले चीनमा गराएका सुनौला पक्षहरु हाम्रा इतिहास वताउँछन् । वेदका खानि, वेदव्यासको तपस्या स्थल व्यास गुफा हाम्रै तनहुँमा छ । देवघाटमा देवस्थल छ । पशुपतिमा वेदका ऋचाहरु संसार भर घन्काउने शिवजी हुनुहुन्छ । आर्यावर्त क्षेत्र स्वर्गीय यज्ञ भूमि हो । गोकर्णमा रावण आएको, गौरीघाटमा सम्पूर्ण इन्द्र आदि देवताहरुले तप गरेको र यो पूरै योग भूमि हो । स्कन्द पुराण, शिव पुराण, देवी भागवत, नेपाल माहात्म्ये आदि ग्रन्थहरुले नेपालको परिचय वेदको शुरुस्थलको रुपमा दिएको छ । नेपालमै जन्मिएका वुद्धले संसारमा अहिंसाको दीप प्रज्वलन गराए । लुम्बिनी क्षेत्रलाई संसारले हेरेको छ । यहाँको कलाकारिता, शिल्पी, यहाँका वनस्पति, जडीवुटीहरु विदेशीहरुका लागि खोजको विषय रहेको छ । नजीकको तीर्थ हेला भने झैं आफनो श्रीसंपत्ति प्रति हामीलाई ठूलो चासो छैन । भएका प्राचीन ग्रन्थ एवं आफ्नो मौलिकतालाई हामी विर्सदै छौ । शताब्दीयौंको संरक्षण गरेर सिंगापुरमा एसियन सिभिलाइजेसन म्युजियमले सारा एसियामा भएका सम्यतालाई उजागर गरिरहेको छ । अहिले हामीलाई वेदमा विश्वास छैन । हिंडुदैछ, पाइला मेटिदैछ, हुँदैछ यस्तै । समयमै यस तर्फ विचार नगरे हाम्रै मौलिकपन भविष्यमा बाँकी रहन्न ।

आजको युग भौतिक युग भए पनि भक्तिवाटमात्र शक्ति प्राप्त हुन्छ । शुक्ल यजुर्वेदले यही वताउँछ । यसमा रहेका कर्मकाण्ड, ज्ञानकाण्ड, उपासना काण्डमा जपका विधि, ध्यान पद्धति, यज्ञ र पूजा संस्कारबारे उजागर गरिएको छ भने ज्ञानकाण्डले हामीलाई आत्मा साक्षात्कार गरी स्वको खोजी आफैंले गरी जीवले जगत्वाट जगदीश्वर पाउने विषयमा व्यापक चिन्तन गरेको छ । हाम्रो सर्वोपरि चाहना भनेको धर्म, अर्थ, काम र मोक्ष हो सत्कर्मबाट धनार्जन गर्नु पर्छ । उपासना काण्डले चांहिं आत्मा, ईश्वर अनि मायाद्वारा सिर्जित र संचालित विश्वको अनुसन्धान गर्ने कार्यमा जोड दिएको छ । सवै विषय वस्तुहरुको गन्तव्य एउटै हो, जीवले लक्ष्य प्राप्ति गर्ने उपायहरु धेरै हुन सक्छन् । यात्रा अलग भए पनि साधनाका विविध यात्रा मार्फत् साध्य प्राप्त गर्नु अन्तिम लक्ष्य हो,

> वेदका खानि, वेदव्यासको तपस्या स्थल व्यास गुफा हाम्रै तनहुँमा छ । देवघाटमा देवस्थल छ । पशुपतिमा वेदका ऋचाहरु संसार भर घन्काउने शिवजी हुनुहुन्छ । आर्यावर्त क्षेत्र स्वर्गीय यज्ञ भूमि हो । गोकर्णमा रावण आएको, गौरीघाटमा सम्पूर्ण इन्द्र आदि देवताहरुले तप गरेको र यो पूरै योग भूमि हो । स्कन्द पुराण, शिव पुराण, देवी भागवत, नेपाल माहात्म्ये आदि ग्रन्थहरुले नेपालको परिचय वेदको शुरुस्थलको रुपमा दिएको छ ।

साध्य हो सबैको ।

साध्य प्राप्तिको क्रममा शुक्ल यजुर्वेद निकै अगाडि छ । यजुर्वेदमा जीवनमा आइपर्ने समेत समस्याहरुको निराकरणका उपाय बताइएको छ । वायु प्रदुषण, ध्वनि प्रदुषण नगरी संसारलाई शान्त, सुखी वनाउन पर्यायवरणको चासो देखाएको छ । भूमि, आकाश, पाताल र समस्त वायुमण्डल शुद्ध हुनुपर्ने संकेत गरेको छ । आजसम्म चलन चल्तीमा आएका शास्त्रमध्ये वेद नै प्राचीन हो र अर्वाचीन समेत ! देवता र पितृ मान्नु हाम्रो परम्परा हो । सृष्टि, स्थिति र प्रलय निरन्तर चलि रहने प्रक्रिया हो । ती प्रक्रियाका पात्रहरु मात्रै हौं हामी ! हिजो ईश्वर थियो हामी थिएनौं ! आज ईश्वर छ, हामी छौं भोलि हामी रहन्नौँ तर ईश्वर सदैव रहन्छ ।

मानव मस्तिष्कको स्रोत भन्नु ईश्वर हो । ईश्वर प्रदतै रहन्छ । मानव मस्तिष्कको स्रोत भन्नु ईश्वर हो । ईश्वर प्रदत्त मानव मस्तिष्कको उपज भन्नु विज्ञान हो । सही र सदुपयोग गर्दा विज्ञान वेदमणि हुन सक्छ, पारसमणि हुन सक्छ । जैन, सिख, हिन्दु, क्रिस्चियन, मुस्लीम, बौद्ध जे सम्प्रदाय भने पनि पहिले हामी मनुका सन्तति मानव हौं, मनुष्य हौं । मानव धर्मको पहिचान भएन भने सम्प्रदाय विशेषमा रुमल्लिएर मात्र ईश्वर पाइने होइन । फलाममय जगत्लाई पारसमणिको रुपमा प्रयोग गर्न सक्नु मानव हित अनुकूल छ । संसार नरमाइलो छैन, बुझाइ मात्र फरक हो । सूर्य, गणेश, शिव, विष्णु, देवी शक्ति संसारकै हुन् । हाम्रो मात्रै पनि होइन, अरुको मात्रै पनि होइन । वेद अमूल्य धन हो पैत्रिक सम्पत्ति हो, संरक्षण चाहेको छ केवल हाम्रो भूमिवाट बस् यत्ति मात्रै हो कारण यो भूमि तपो भूमि हो, योग भूमि हो, अन्य भूमि कर्म भूमि, भोग भूमि मात्र पनि हुन सक्छ ।


सामवेदको विशालता शब्दले सीमांकन गर्न सकिन्न । पूर्वार्चिक र उत्तरार्चिक गरी यो दुई खण्डमा विभाजित छ । अथर्ववेदका ३ संहिता अर्षि, आचार्य र विधि प्रयोगमा छ । आर्ष संहिताले वेद मन्त्रको शुद्धताले सिद्धि प्राप्त हुने कुरामा जोड दिएको छ भने आचार्य संहिताले विभिन्न मानव संस्कारका वारे वर्णन गरेको छ । त्यस्तै विधि प्रयोग संहिताले कुनै कार्य, जप, पाठ, पूजा गर्दा संकल्प गरेर गरे मात्र सिद्धि फल प्राप्ति हुने कुरामा जोड दिएको छ । अथर्ववेदले वित्तीय व्यवस्था, कृषि, उद्योग तथा गोधन, पशुधन, सम्पूर्ण आर्थिक समृद्धिको पूर्वाधार तयार गर्नुपर्ने बारे चासो दिएको छ । वेदले देवीको वन्दना गरेको छ, उनै देवीको हामी उपासना गर्दैछौं, अस्तू परिपूर्णम् ।

**लेखक तथा पाठकवर्गमा अनुरोध**

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# बाजुरामा पछिल्लो एक सातादेखि कोरोना संक्रमण शुन्य



**नहकुल जोशी**
बाजुरा, २० असोज

पछिल्लो एक साता बाजुरामा कोरोना संक्रमण शुन्य रहेको छ। असोज महिनाको तथ्यांक हेर्दा असोज ११ गते २ जनामा कोरोना संक्रमण पुष्टी भएपनि त्यसयता एउटा पनि संक्रमण पुष्टि नभएको जिल्ला स्वास्थ्य कार्यालय बाजुराका स्रोत व्यक्ति लेखनाथ न्यौपानेले बताए । 'जिल्लामा अहिले सक्रिय संक्रमितको संख्या २ जना मात्र छ। पछिल्लो ८ दिन यता एउटा पनि पोजेटिभ केस देखिएको छैन' उनले मध्यान्हलाई बताए।

उचित स्वास्थ्य मापदण्ड र सचेतनाका कारण पछिल्लो समय जिल्लामा नयाँ संक्रमित नदेखिएपनि नजिकिँदै गरेको दशैं तिहार जस्ता चाडवाडका कारण संक्रमण फैलिने जोखिम भने उत्तिकै रहेको स्वास्थ्यकर्मीको भनाई छ। दशैतिहारमा भारत लगायत विभिन्न मुलुक र देशका विभिन्न शहरी क्षेत्रमा रहेका स्थानीय घर फर्किने भएका कारण उचित जनस्वास्थ्य मापदण्ड नपनाएको खण्डमा बाजुरामा संक्रमणको जोखिम कायमै रहेको स्वास्थ्य कार्यालय स्रोतले जनाएको छ। मानिसहरुले उचित स्वास्थ्य मापदण्ड पालना गरेमा र संक्रमणको अवस्था यहि स्थितिमा रहेमा जिल्ला कोभिड संक्रमित शुन्य हुने भएपनि चाडवाडले समस्या निम्त्याउन सक्नेमा स्वास्थ्यकर्मी चिन्तित बनेका छन् । जिल्लामा हालसम्म एन्टिजिन विधिबाट गरिएको परीक्षणमा ८ सय ७९ जना र पिसीआर परीक्षणबाट ६ सय ४१ जना गरी १ हजार ५ सय २० जनामा कोरोना संक्रमणको पुष्टी भएको छ। जिल्लामा संक्रमित हुने मध्य १२ जनाले ज्यान समेत गुमाएका जिल्ला स्वास्थ्य कार्यालय बाजुराले जनाएको छ।

जिल्लामा अहिले चलिरहेको खोप अभियानमा उत्साहजनक सहभागिता नभएकाले पनि जोखिमको अवस्था कायमै रहने स्वास्थ्य कार्यालय बाजुराको प्रक्षेपण छ। नेपाल सरकारले हिमाली जिल्लाहरुमा १८ वर्ष माथिको जनसंख्यालाई कोभिड विरुद्धको खोप लगाउन खोप उपलब्ध गराएको भएपनि जिल्लाको १८ वर्ष माथिको करिव ५० प्रतिशत जनसंख्या पनि खोप लगाउन नआएको स्रोत व्यक्ति न्यौपानेले बताए। उनले हालसम्म जिल्लाका २७ हजार ४ सय २७ जनाले दुवै मात्रा खोप लगाएका छन् भने ५७ हजार २ सय ९७ जनाले पहिलो मात्रा खोप लगाएको बताए।

गाउँघरमा अझै पनि खोप लगाएर के हुन्छ ? भन्दै कतिपयले खोप लगाउन नमानिरहेको स्वास्थ्यकर्मीहरले बताउने गरेका छन्। सरकारले हिमाली जिल्लालाई प्राथमिकता राखेर खोप उपलब्ध गराए पनि खोप लगाउन स्थानीय नआएकै कारण बाजुराको खोप अभियान प्रभावकारी हुन सकिरहेको छैन । जिल्लाका स्थानीय तहमा रहेको स्वास्थ्य संस्थाहरुले कतिपय काम गर्ने उमेरका युवाहरु घर बाहिर रहेको र कतिपय खोप लगाउन आउँदै नआउने गरेका कारण खोप लगाउने अभियान प्रभावकारी नभएको बताउने गरेका छन्। खोपले भविश्यमा समेत सुरक्षा प्रदान गर्ने कुराको व्यवस्था गरी खोप नलगाए के हुन्छ ? भन्दै हिँड्ने बानीका कारण जिल्लामा कोरोना महामारीको जोखिम उत्तिकै रहेको स्वास्थ्यकर्मीको अनुमान छ।

## पौडेल हत्या प्रकरण : सर्वोच्चको आदेशपछि प्रहरीमा जाहेरी दर्ता



काठमाडौं/मस-नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका तत्कालीन सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको दोहोरो भिडन्तका नाममा गैरकानुनी हत्यामा संलग्नताको आरोप लागेका व्यक्तिहरूविरुद्ध बुधबार जाहेरी दर्ता भएको छ । २०७६ को असारमा कुमारको गैरन्यायिक हत्यापछि नै उनकी आमा दुर्गादेवीले जाहेरी दिने प्रयास गरेको भएपनि प्रहरी र जिल्ला सरकारी वकिलको कार्यालयले निरन्तर उपेक्षा गर्दै आएका थिए।

गत असोज १२ मा सर्वोच्च अदालतले एक साताभित्र जाहेरी दर्ता गरेर त्यसको जानकारी आफूलाई दिन आदेश दिएको थियो। सो आदेश बमोजिम हुलाकमार्फत् दिएको जाहेरी जिल्ला सरकारी वकिलको रोहबरमा सनाखत गरी दर्ता गरिएको हो। कुमार पौडेलको गैरन्यायिक हत्यामा संलग्न भएको भन्दै उनकी आमा दुर्गादेवीले दिएको जाहेरीमा सर्लाही जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउत, तत्कालीन जिल्ला प्रहरी प्रमुख, एसपी गोपाल भट्टराई, तत्कालीन प्रदेश नम्बर दुई प्रहरी प्रमुख डीआईजी हरिबहादुर पाल, प्रहरी निरीक्षक किरणप्रसाद न्यौपाने, प्रहरी नायव निरीक्षक सूर्यकुमार कार्की र जिल्ला अस्पताल सर्लाही मलंगवामा तत्कालीन अवस्थामा कार्यरत डा.वीरेन्द्रकुमार मण्डललाई विपक्षी बनाइएको छ । त्यस्तै तत्कालीन प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले पौडेलको गैरन्यायिक हत्याका लागि खटाएको भन्दै प्रहरी हवल्दारद्वय सत्यनारायण मिश्र र विनोद साहमाथि पनि कारवाहीको माग गरिएको छ।

त्यस्तै दुर्गादेवीले आफ्ना छोरामाथि गोली प्रहार गरेको भन्दै प्रहरी प्रधान कार्यालयबाट खटिएका प्रहरी निरीक्षक कृष्णदेव साहमाथि पनि कारवाहीको माग गरेकी छन्। सर्लाहीको बागमती नगरपालिकाका मेयर भरतकुमार थापालाई पनि गैरन्यायिक हत्यामा संलग्नताको आरोप लगाइएको छ।

जाहेरीमा तत्कालीन गृहमन्त्री रामबहादुर थापा र तत्कालीन प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालको सल्लाह, योजना र तयारीमा आफ्ना छोराको हत्या भएको भन्दै जाहेरीमा उल्लेख गरेकी छन्। तर, उनीहरूलाई मुद्दामा सिधैं विपक्षी भने बनाइएको छैन।

हत्याको योजना बनाएको भन्दै स्थानीय नेताहरू वसन्तराज भट्टराई, कमल बुढाथोकी र प्रदेश सांसद डिल्लीप्रसाद उप्रेतीलाई पनि कारबाही गर्न माग गरिएको छ।

## कपिलवस्तुमा झाडापखालाको प्रकोप, दुई जनाको मृत्यु



**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २० असोज

कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिकामा फैलिएको झाडापखालाको प्रकोपबाट २ जनाको मृत्यु भएको छ। झाडापखलाका कारण एक सयभन्दा बढी बिरामी परेका छन्।

झाडापखलाबाट वडा नं. ९ बहादुरगन्जमा २ जनाको मृत्यु भएको हो। मृत्यु हुनेमा ५ वर्षीय राज कश्यप र ४० वर्षीय राम प्रसाद केवट रहेको जिल्ला स्वास्थ्य कार्यालय कपिलवस्तुका प्रमुख हेमराज पाण्डेले मध्यान्हलाई बताए। बालक कश्यपको स्थानीय निजि क्लिनिकमा उपचारको क्रममा र केवटको घरमै मृत्यु भएको पाण्डेले बताए।

नगरपालिकाको वडा नम्बर ५, ७, ८, ९ मा प्रकोप फैलिएको उनले बताए। झाडापखालाको प्रकोप फैलिएपछि शिवराज अस्पताल, निजि क्लिनिक र स्वास्थ्य चौकीहरुमा बिरामीको चाप बढेको छ। बहादुरगन्ज अस्पतालमा एक सयभन्दा बढी बिरामीहरु उपचार गराइरहेका छन् भने गम्भीर बिरामीहरुलाई थप उपचारका लागि बुटवल र तौलिहवामा पठाइएको छ। झाडापखाला प्रकोप रोकथामका लागि जिल्ला स्वास्थ्य कार्यालयको टोली बहादुरगन्ज पुगेको र प्रदेशबाट उपचार टोली समेत त्यहाँ पुगेका छन्।

## मानव खप्पर र हड्डीसहित दुईजना पक्राउ

**विराटनगर/मस-** मोरङको विराटनगर भन्सार कार्यालयको २ नम्बर ढाटबाट नेपाल भित्र्याउन लागेको अवस्थामा मानव खप्पर र हड्डी बरामद भएको छ।

भारतको जोगवनीबाट नेपाल प्रवेश गर्न लागेको को १ च ९६४८ नम्बरको भ्यानबाट सशस्त्र प्रहरीले मंगलबार साँझ खप्पर र हड्डी बरामद गरेको हो। भ्यान चेकजाँच गर्ने क्रममा सशस्त्र प्रहरी बल नेपाल बोर्डर पोष्ट रानीबाट खटिएको टोलीले २८ थान खप्पर र नली खुट्टा एवं हातको हड्डी बरामद गरिएको सशस्त्र प्रहरी बल मोरङका प्रमुख एसपी तीर्थ पौडेलले जानकारी दिए।

पौडेलका अनुसार सशस्त्र प्रहरीले भ्यानलाई चेकजाँच गर्न थालेपछि चालक फरार भएका थिए। भ्यानको डिक्कीमा फेला परेको पहिचान नखुलेको वस्तु कछुवाको ढाडको हड्डी र वन्यजन्तुको नली खुट्टा भएको अनुमान लगाइएको थियो। तर, वन्यजन्तु विज्ञ, चिकित्सक, वनका कर्मचारीले उक्त वस्तु वन्यजन्तुको अंग नभएको बताएका पौडेले बताए । डिभिजन वन कार्यालय मोरङका सहायक वन अधिकृत परमेश्वर पासवानले वन्यजन्तुको अंगसँग मेल नखाने वस्तु मानव अंग भएको हुन सक्ने बताए।

## दशैं बिदामा चार घण्टा सर्वोच्च खुल्ने

**काठमाडौं/मस-** सर्वोच्च अदालतले दशैं बिदामा बन्दीप्रत्यक्षीकरणको रिट निवेदनको सुनुवाइ बिहान ११ बजेदेखि अपराह्न ३ बजेसम्म गर्ने भएको छ। सर्वोच्च अदालतका उपरजिष्ट्रार देवेन्द्र ढकालका अनुसार दसैं पर्वको अवधिका घटस्थापना, शनिबार र विजया दशमीबाहेक अन्य दिनमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन लिई सुनुवाइ हुनेछ।

घटस्थापनादेखि आगामी कात्तिक ३ गते कोजाग्रत पूर्णिमासम्म सर्वोच्च अदालत बन्द रहने हुँदा न्याय प्रशासन ऐन, २०७३ अनुसार सो अवधिमा बन्दीप्रत्यक्षीकरणका मुद्दाको मात्र सुनुवाइ गर्न लागिएको हो।

### भूल सुधार

**मध्यान्ह दैनिकको हिजो २०७८ असोज २० गते बुधबार प्रकाशित प्रथम पृष्ठको प्रमुख समाचारको शिर्षक "बल्ल मिल्यो भागवण्डा र बैदेशिक रोजगार सम्बन्धी समाचारको शिर्षक "पुनः कोरिया जाने प्रक्रिया शुरु हुने" हुनुपर्नेमा भूलबस अन्यथा भएकोले सच्याइएको छ । असावधानीबस हुन गएको त्रुटीप्रति क्षमाप्राथी छौं ।**

**सं.**


### मोटरसाइकल हराएको सूचना

मिति २०७८/०६/१७ गते राती अ. १०:४० वजेदेखि विहान २:१० सम्मको समयमा सात घुम्ती ठमेल ए वन मनि चेन्जर अगाडी पार्किङ गरेर राखेको ठाउँबाट बा. प्र. ०२-०२८ प ४७३९ नंम्बरको कालो/रातो रंगको २२० सि.सि बजाज मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभाबहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**सवारी धनी:** सुनौलो तक्मा बचत तथा ऋण सहकारी संस्था लि. ऋणी प्रशान्त तामाङ
**ठेगाना:** माछापोखरी, काठमाडौं
**च्यासिस नं:** MD2A13EX6MCA83542
**इन्जीन नं :** DKXCMA71567
**सम्पर्क :** 9849993990

### साउदीमा रोजगार | १. कम्पनी: ASDAM ARABIA FOR GENERAL CONTRACTING EST.

शहर: Saudi
पूर्व स्वीकृत मितिः २०७८/०५/२४ चलानी नं.: ६०१६२७३० L.T. No.: 245165 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Carpenter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factor | 2 | 0 | | 1000 | ३१,६८० | | | | | | | |

२. कम्पनी: IBRAHIM ALI AL-MUNJIF TRAD.EST. शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७८/०६/२० चलानी नं.: ६०१६४९३७ L.T. No.: 247838

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 3 | 0 | स. काममा दक्ष | 1200 | ३९,१५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: ARAB HOME GROUP COMPANY LTD शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/०६/२० चलानी नं.: ६०१६४९३८ L.T. No.: 247917

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor Baldiya | 62 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २८ गते (14 October 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
सितापाईला, काठमाडौं, नेपाल, फोनः ४२८२५९०, ४२८२०३९, फ्याक्सः ४२८१७१३
श्रम इजाजत पत्र नं. ७४५/०६४/०६५

### UAE को SEMI GOVT. कम्पनीमा DPS र PSBD Security Guard हरूको आवश्यकता

शनिबार पनि कार्यालय खुला रहने छ।

कम्पनी: ETISALAT FACILITIES MANAGEMENT LLC पूर्व स्वीकृत मितिः २०७८/०६/०१ चलानी नं.: ६०१६३३०२
L.T. No.: 246092 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard(SIRA) | 200 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Gauards (PSBD) | 200 | 0 | | 2000 | ६४,७०० | | | | | | | |

PSBD को हकमा Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ।
DPS को हकमा Basic Salary AED 1200 र Other Allowance AED 1060 सहित AED 2260 हुनेछ।

- ★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ।
- ★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई DPS को हकमा ५ फिट ५ ईन्च र PSBD को हकमा ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ।
- ★ Civil, Ex-Army, Police मा कम्तीमा २ वर्षको अनुभव भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २८ गते (14 October 2021) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**STARIS HR SERVICES PVT. LTD.**
Samakhusi-26, Kathmandu, Tel.: 01-4381145, 4365203
श्रम इजाजत नं. १३२४/०७४/०७५

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०६/२१

यस कम्पनीको मिति २०७७/०८/१८ मा सम्पन्न विशेष विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **क्राउन ग्लोबल एजुकेशन नेटवर्क प्रा.लि. (प्रा.लि. नं. १४०३२८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/१८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **यू.के. कलेजस् प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७७/०४/२६ मा दर्ता भएको **प्रा.लि. नं. २४०३०८** को **तेखिमे साम्पाङ्ग एग्रो फार्म प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको स्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०६/२१

यस कम्पनीको मिति २०७८/०६/०७ मा सम्पन्न एकल शेयरधनीको विशेष विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **हाउस अफ मोर्डन स्ट्रक्चर प्रा.लि. (प्रा.लि. नं. १२१३३३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/१८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **हाउस अफ मोर्डन कन्स्ट्रक्सन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### साउदीमा रोजगार ALKANAFANY ORIGINAL SWEETS FOR SWEETS FACTORY,

पुर्व स्विकृति मितिः २०७८।०६।१९ चलानी नं. ६०१६४८६० LT No. 247672

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 08 | काममा दक्ष | 1400 | 42000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ताः मिति २०७८ असोज ३१ गते (17 October 2021) मेनपावर कार्यालयमा हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

**मेनपावर लिङ्क प्रा. लि.**
'Your complete recruiting partner'
बुढानिलकण्ठ-८, काठमाडौं फोन नं.: ०१-४३७५४१८
Lic No.: 350/059/60

### साउदीमा रोजगारको अवसर | १. कम्पनी: ANNAN FOOD SERVICES CO. LTD.

शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०६/२० चलानी नं.: ६०१६४९३४ LT. No.: 247901

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: WARD BERRY RESTAURANT TO SERVE MEALS शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७८/०६/२० चलानी नं.: ६०१६४९३३ LT. No.: 247902

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chief helper | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Normal Worker | 1 | 0 | | 1000 | ३१,६८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २८ गते (14 October 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसाग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**वि. एस. ओभरसिज प्रा. लि.**
B.S. OVERSEAS PVT. LTD.
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website: www.bsoverseasnepal.com.np
श्रम इजाजत नं. ५४०/०६१/०६२
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En

### साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : SAUDI SERVICES FOR ELECTRO-MECHANIC WORKS CO, CLOSED JOINT STOCK.(SSEM) शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०६/२० चलानी नं.: ६०१६४९३५ LT. No.: 247332

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : RIYADH INN HOTEL शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०६/१५ चलानी नं.: ६०१६४९३६ LT. No.: 247334

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Windows Cleaner | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २८ गते (14 October 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोनः ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com
Lic No.: 836/066/067

# बजार अनुगमन दुई पसललाई जरिवाना



**भक्तपुर, मस–** दसैं नजिकिएसँगै जिल्ला प्रशासन कार्यालय भक्तपुरको नेतृत्वमा भएको बजार अनुगमनमा दुई पसललाई कारबाही गरिएको छ । जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसर भक्तपुर, सूर्यविनायक नगरपालिका, घरेलु तथा साना उद्योग, स्थानीय तह, खाद्य कार्यालय, नाप तौल कार्यालयलगायतका प्रतिनिधि सम्मिलित अनुगमन टोलीले सूर्यविनायक र मध्यपुरथिमिका विभिन्न पसलमा बुधबार अनुगमन गरेको थियो । अनुगमनका क्रममा कालो बजारी गर्ने दुई पसललाई कारबाही गरी २० हजार जरिवाना लगाइएको अनुगमन टोलीका सहभागी एवं सूर्यविनायक नगरपालिकाका अनुगमन अधिकृत सुरज पौडेलले जानकारी दिए । त्यसैगरी म्याद नाघेको घ्यू, विभिन्न ब्राण्डका पेय पदार्थ, दही, बिस्कुट, क्यान जुस, जाम, अचार गरी रु १६ हजार बराबरको नष्ट गरिएको छ । त्यस्तै भक्तपुर नगरपालिकाले आज गरेको मासु पसल अनुगमनमा अधिकांश मासु पसल झिङ्गा भन्केको, बासी र गन्हाउने मासु बिक्री गरेको पाइएको छ ।

भक्तपुर नगरपालिकाको ब्रह्मायणी र तुमचो दुगुरे आवास क्षेत्रमा रहेको अनुगमनमा पशु बधशाला र मासु पसल न्यूनतम मापदण्ड पनि पूरा नभएको, दर्ता नगरेको, गन्हाउने मासु र सुकाएको मासु एकै ठाउँमा राखेर बिक्री गरेको पाइएको अनुगमन निरीक्षक रामप्रसाद प्रजापतिले जानकारी दिए ।

# हराएको ५२ वर्षपछि आफन्तको सम्पर्कमा आए गंगाबहादुर

**बेनी/रासस–** सम्पर्कविहीन भएको ५२ वर्षपछि म्याग्दीका एक पुरुषको पारिवारिक पुनःमिलन भएको छ । घरबाट हराएका बेनी नगरपालिका-४ थामडाँडाका ७५ वर्षीय गङ्गाबहादुर गुरुङ (जङ्गबहादुर भनिने)को मङ्गलबारमात्रै आफन्तसँग भेट भएको हो ।

विसं २००३ मा जन्मिएका गुरुङ सम्पर्कविहीन भएको करिब चार वर्षपछि कैलालीको चुरे गाउँपालिका-३ मस्यगाउँमा पुगेको खबर त्यतिबेला परिवारले पाएका थिए । त्यसपछि पनि उनी परिवारको सम्पर्कमा आएनन् । हालैमात्र स्थानीय युवाले सामाजिक सञ्जालमा गुरुङको तस्वीर राखेका र उनले बागलुङ, बेनी, तातोपानीको नाम लिएको जानकारी गराएका थिए । आफ्नो पुर्ख्यौली थलो बेनी भएको र आफू त्यहाँ फर्कन चाहेको सन्देश राखेपछि नेपाल रेडक्रस सोसाइटी म्याग्दीले गुरुङको खोजी सुरु गरेको थियो ।

रेडक्रसअन्तर्गत रहेको खोज तथा उद्धार सेवा केन्द्रले गुरुङको अवस्था र जिल्लामा सम्भावित आफन्तबारे खोजी गरेको थियो । खोजीका क्रममा थामडाँडाबाट वर्षौंदेखि आफन्त हराएका परिवार सम्पर्कमा आएपछि गुरुङ र उनका आफन्तबीच टेलिफोनमा संवाद गराइएको थियो । आफन्तले झण्डै ६० वटा प्रश्नमार्फत आफन्तको नाम, तत्कालीन गाउँको अवस्था आदिबारे सोधेका प्रश्नमा उनले दिएको जवाफले उनको यकिन गरेका थिए ।

कैलालीमा स्थानीय प्रतिष्ठित एक व्यक्तिको सहारामा बसोबास गर्दै आएका गुरुङ थामडाँडाका बलवीर गुरुङका हराएका माइला छोरा रहेको पुष्टि भएपछि रेडक्रस म्याग्दीको समन्वयमा उनका भाइका परिवारसँग मङ्गलबार पुनःमिलन भएको छ । गुरुङका भाइका छोरा शेरबहादुर र छोरी विसु गुरुङले रेडक्रस म्याग्दीको समन्वयमा कैलाली पुगेर आफ्ना माइला बुबालाई उद्धार गरी ल्याएका हुन् ।

रेडक्रस म्याग्दीका सभापति लेखबहादुर हमाल र अधिकृत धनञ्जयकुमार श्रेष्ठसहित रेडक्रसकर्मीको उपस्थितिमा गुरुङको पारिवारिक पुनःमिलन गराइएको थियो । "पचास वर्षभन्दा बढी समयदेखि परिवारबाट हराएका व्यक्तिलाई आफन्तको जिम्मा लगाइएको छ।, रेडक्रस म्याग्दीका सभापति हमालले भने ।

साउन अन्तिम साता पूर्णानन्द पाण्डेले सामाजिक सञ्जालमा राखेको सन्देशका आधारमा खोजी गर्दै जाँदा असोज तेस्रो साता पारिवारिक पुनःमिलन भएको रेडक्रसले जनाएको छ । विभिन्न कारणले हराएका व्यक्तिको खोजी गर्ने काम रेडक्रसले गर्दै आए पनि विरलै यस्तो प्रकारको पुनःमिलन सम्भव हुने गरेको रेडक्रस म्याग्दीका शाखा अधिकृत श्रेष्ठले बताए ।

घरबाट हराएपछि भौतारिएका उनले तत्कालीन समयमा अत्तरियादेखि डडेल्धुराको महेन्द्र राजमार्गमा काम गरेको बताएका छन् । काममा गर्दागर्दै ठेकेदारले पारिश्रमिक नदिएपछि पैदलै हिँडेर कैलालीको मस्यगाउँमा पुगेको गुरुङले बताए । त्यहाँ पुगेपछि स्थानीयवासीसँग घुलमिल हुँदै स्थानीय एक जमिनदारको घरमा आश्रय लिएर जीविकोपार्जन गर्दै आएका उनले माछा मार्ने पेसा अँगालेका थिए । उनलाई लिन पुगेका आफन्तलाई गाउँलेहरुले भव्य सम्मानसहित बिदाइ गरेका थिए ।

# सामूहिक हत्याका अभियुक्त पक्रने प्रहरी पुरस्कृत



**संखुवासभा, मस–** गत भदौ २१ गते संखुवासभाको मादी नगरपालिका- १ उम्लिङ खोला गाउँमा भएको छ जनाको हत्यामा संलग्न अभियुक्तलाई पक्राउ गने दुई प्रहरी पुरस्कृत भएका छन् । उम्लिङ खोला गाउँमा भएको छ जनाको सामूहिक हत्याकाण्डको सफल अनुसन्धान गर्ने इलाका प्रहरी कार्यालय चैनपुरका प्रहरी निरीक्षक योगराज खतिवडा र प्रहरी सहायक निरीक्षक रुद्र खड्कालाई नगद एक लाखसहित पुरस्कृत गरिएको हो ।

प्रदेश नं १ प्रदेश प्रहरी कार्यालयले ६६औं प्रहरी दिवसका अवसरमा प्रहरी निरीक्षक खतिवडा र प्रहरी नायब निरीक्षक खड्कालाई नगद ५०/५० हजारसहित परस्कृत गरिएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक लालध्वज सुवेदीले जानकारी दिए ।

खोलागाउँका एकै परिवारका छ जनाको हत्या घटनाको सफल अनुसन्धान गरी हत्यामा संलग्न पाँच जना अभियुक्तलाई पक्राउ गर्न उहाँहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेको प्रहरी नायब उपरीक्षक सुवेदीले बताउनुभयो । प्रहरीले छ जनाको हत्या काण्डका मुख्य योजनाकार खड्गबहादुर कार्की, हस्तबहादुर कार्की, रणबहादुर कार्की, लोकबहादुर कार्की र नरेश कार्कीलाई पक्राउ गरेको थियो ।

घटनास्थलमा संलग्नलाई पक्राउ गरी कानूनी दायरमा ल्याउन सफल भई आम नागरिकलाई सुरक्षाको अनुभूति हुने गरी नागरिकसमक्ष प्रहरीको छवि उच्च बनाउनुका साथै सर्वसाधारणमा शान्तिसुरक्षाको अनुभूति अभिवृद्धि गर्नेतर्फ प्रशंसनीय कार्य गरेकाले प्रदेश प्रहरी कार्यालय विराटनगरले एक लाख राशिको साधनादेवी प्रहरी पराक्रम पुरस्कारले पुरस्कृत गरिएको प्रनाउ सुवेदीले जानकारी दिए ।

गत भदौ २१ गते बिहान मादी-१ उम्लिङ खोला गाउँस्थित ५२ वर्षीय तेजबहादुर कार्की, ८४ वर्षीया आमा पार्वती कार्की, ५२ वर्षीया श्रीमती कमला कार्की, बुहारी ३२ वर्षीया रञ्जना कार्की, नाति आठ वर्षीय दीपेन कार्की र नातिनी पाँच वर्षीया गोमा कार्कीको सामूहिक हत्या भएको थियो ।

# विभागले सहकारीको अनुगमन गर्ने




**काठमाडौं, रासस–** सहकारी विभागले आफ्ना मातहतका सहकारीको अनुगमन गर्ने भएको छ ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफस्कुन)ले बुधबार आयोजना गरेको 'साझा सेवाको सवलीकरण तथा सञ्जाल निर्माण अभियान'को उद्घाटन गर्दै विभागका रजिष्ट्रार लीलाप्रसाद शर्माले यसै वर्षभित्र क्षेत्राधिकारभित्र रहेका सबै सहकारीको अनुगमन गर्ने बताए ।

विभागले १२५ संस्था र राष्ट्रिय सहकारी बैंक, राष्ट्रिय सहकारी महासङ्घका साथै २० केन्द्रीय सङ्घको नियमन गर्छ । रजिष्ट्रार शर्माले जनशक्ति अभावका कारण देशभरका सहकारीको अनुगमन गर्न समस्या भएको बताए । 'हामीसँग ३० जनाको जनशक्ति मात्र छ', उनले भने, 'त्यसैले देशभरिका सहकारीको अनुगमन गर्न सक्दैनौं ।' देश सङ्घीयतामा गएसँगै सङ्घ, प्रदेश र स्थानीय तहले सहकारीको अनुगमन गर्छन् ।

प्रदेश तथा स्थानीय तहले सहकारीको अझै अनुगमन गर्न सकेका छैनन् । नेफस्कुनका पूर्वअध्यक्ष डिबी बस्नेतले सहकारीको अनुगमन हुन नसक्दा सहकारीमा समस्या विकराल बन्दै गएको बताए ।

उनले सहकारीको अनुगमनका लागि नियमन निकायलाई बारम्बारभन्दा पनि नियमन निकायले नसुनेको भनाइ राखे ।

नेफस्कुनका अध्यक्ष परितोष पौड्यालले सहकारीमा समस्या आउन नदिन नियमित अनुगमन हुनुपर्ने बताए । उनले नीति, विधि र प्रविधिमार्फत सहकारीको क्षमता बढाउँदै जोखिम घटाउनुपर्ने बताए । संस्थाले प्रयोग गर्ने सेवामा एकरुपता ल्याउनका लागि सबै प्रदेशमा अभियान सञ्चालन गरिएको नेफस्कुनका प्रशासन प्रमुख सञ्जय तिमिल्सेनाले जानकारी दिए ।


## महराजगंज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**महराजगंज, कपिलवस्तु**
**लूम्बिनी प्रदेश, नेपाल**

### नदीजन्य पदार्थको विक्रीका लागि दरभाउपत्र आव्हान सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः२०७८/०६/२०**

